**शौचालयको प्रयोग गरौं, सङ्क्रमणबाट जोगिऔं**
- खुला स्थानमा दिसापिसाब नगरौं,
- शौचालयमा मात्र दिसापिसाब गरौं,
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचीमिची हात धोऔं,
- हत्केलापछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं,
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको सङ्क्रमणबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० चैत १७ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 March 30 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०८

## शिक्षित यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू रोजगारबाट वञ्चित गरिएकै कारण यौन व्यवसायमा

प्रस, वीरगंज, १६ चैत/

ब्लू डायमन्ड सोसाइटीकी निर्देशिका मनीषा ढकालले शिक्षित यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू रोजगारबाट वञ्चित गरिएकै कारण यौन व्यवसायमा लागेको बताएकी छन् ।



तस्वीरः प्रतीक

आउट राइट इन्टरनेशनलको सहयोगमा सहयात्री समाज पर्साद्वारा संयोजन गरिएको र ब्लू डायमन्ड सोसाइटीले शुक्रवार वीरगंजमा आयोजना गरेको प्रहरीसँगको अन्तर्क्रिया कार्यक्रममा उनले आफूले एमएसम्मको अध्ययन गरेको तर सरकारी नोकरीबाट वञ्चित भएको बताइन् । आफूजस्तै यो क्षेत्रमा शिक्षितहरू रोजगारबाट वञ्चित भएका कारण उनीहरूले यौन व्यवसाय रोज्न बाध्य भएको बताइन् ।

निर्देशिका ढकालले घरपरिवारबाट हेला, शिक्षामा विभेद, रोजगार नपाउने अवस्थाले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू यौन व्यवसायमा संलग्न हुने गरेको बताइन् । उनले नेपालमा एक अध्ययन अनुसार ८१ प्रतिशत यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू हिंसाको शिकार हुँदै आएका बताइन् । नेपालमा करीब पाँच लाख यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू रहेका तर उनीहरूले अहिले पनि खुलेर आफ्नो पहिचान बताउन नसकेका कारण २०७८ सालको जनगणनामा यो समुदायको सङ्ख्या थोरै देखिएको बताइन् ।

जनसङ्ख्याको आधारमा पनि मधेस प्रदेशमा ७२९ जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकले आफ्नो पहिचान जनाएको र यो नै सबैभन्दा ठूलो सङ्ख्या रहेको बताइन् । उनले नेपालको संविधानले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको हकमा धेरै कानून बनाएको र यो कानून सार्क र एशियाका अरू देशहरूमा सर्वोत्कृष्ट रहेको दाबी गरिन् । तर कानून कार्यान्वयनमा नआउँदा समस्या भोग्नुपरेको उनको बुझाइ थियो ।

अहिले पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई नागरिकता लिनको लागि दुई वर्ष समयावधि लाग्ने गरेको र यो क्रममा लिङ्ग परिवर्तन, चिकित्सकको सिफारिशलगायत झमेला विद्यमान रहेको बताइन् । ढकालले प्रहरीले यो समुदायलाई न्याय दिन नसकेको कारण उनीहरूलाई यसबारेमा जानकारी गराउन खोजिएको बताइन् । पीडितहरूको उजूरी नलिने, उनीहरूलाई नानाथरीका भाषा प्रयोग गर्ने गरिएको भन्दै यसमा सुधारको आवश्यकता औंल्याइन् । उनले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई पनि प्रहरीलगायत समाजसँग सभ्य भाषा प्रयोग गर्न आग्रह गरिन् ।

मानव अधिकारकर्मी भूमिका श्रेष्ठले तराईमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू सबैभन्दा बढी पीडित हुने गरेको र उनीहरूलाई विभिन्न किसिमबाट प्रताडित गर्ने काम भएको बताइन् । समाज र घरबाट यो समुदायलाई सहयोग नभएको कारण खुलेर आउन नसकेको उनले बताइन् । अहिले पनि छक्का, नचनिया, हिजडा, नपुंसकजस्ता शब्द प्रयोग गरेर गिज्याउने काम भएको भन्दै यसमा सुधार आवश्यक भएको बताइन् । उनले महिला, पुरुष, समलिङ्गी, द्वयलिङ्गी र तेस्रोलिङ्गीबारेमा सहभागी प्रहरीलाई जानकारी गराइन् । उनले तेस्रोलिङ्गी जन्मजात गुण भएको र यसलाई समाजले स्वीकार्नुपर्ने बताइन् । उनले कुटपिट मात्र यातना नभएको भन्दै तेस्रोलिङ्गीहरू मानसिक यातनाबाट पीडित हुने गरेको बताइन् । समाजले छिःछि–दूरदूर गर्ने, विद्यालयमा अध्ययन गर्न नदिनेजस्ता पीडाहरू भोग्नुपरेको वृतान्त सुनाइन् ।

स्थानीय यौनिक तथा लैङ्गिक

(बाँकी अन्तिम पातामा)

## ट्राफिक चेकजाँचको कारण होलीमा दुर्घटना भएन

नितेश कर्ण, वीरगंज, १६ चैत/

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले गत वर्षको तुलनामा चालू आवमा सवारी दुर्घटना र मानिसको मृत्यु सङ्ख्या बढ्न सक्ने देखिएको जनाएको छ ।



तस्वीरः सौजन्य

गत वर्ष ३५९ वटा सवारी दुर्घटना भएकामा ३९ जनाको मृत्यु भएको थियो भने चालू आवको फागुनसम्म ३२५ वटा सवारी दुर्घटना भएकामा ३३ जनाको मृत्यु भएको जानकारी गराएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रमुख एवं प्रहरी निरीक्षक भास्कर खतिवडाले गत वर्ष ४९८ वटा सवारीसाधन दुर्घटनामा परेका र चालू आवको फागुनसम्म ४५९ वटा सवारीसाधन दुर्घटनाको शिकार भएको बताए । उनले गत वर्ष सवारी दुर्घटनामा ९३ जना गम्भीर घाइते, ४०६ जना सामान्य घाइते र ४५ लाख ९० हजार रुपैयाँ बराबरको सवारीसाधनमा क्षति पुगेको आकलन गरिएको बताए ।

उनले चालू आवको फागुनसम्म गम्भीर घाइते ५९, सामान्य घाइते ४०४ र ६८ लाख ७५ हजार रुपैयाँ बराबरको सवारीसाधनमा क्षति पुगेको बताए । गत वर्ष ६० वटा सवारीसाधनमा क्षति पुगेको र यो वर्षको फागुनसम्म ५४ वटामा क्षति पुगेको विवरणमा देखिएको उनले बताए ।

उनले गत आव र चालू आवमा ट्राफिक प्रहरीले विभिन्न संस्थासँग समन्वय गरेर विद्यार्थी, नयाँ चालक, सर्वसाधारणलाई ट्राफिक सचेतनाबारे जानकारी गराएको, अन्तर्क्रिया, गोष्ठी, चेतनामूलक माइकिङ, पर्चा, पोस्टरमार्फत ट्राफिक सचेतनाबारे अद्यावधिक गर्दै आएको बताए ।


यसैबीच, जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले फागु पूर्णिमा (होली)मा पर्सा जिल्लामा सवारी दुर्घटना नभएको बताए । उनले २२ स्थानमा ट्राफिक र जनपद प्रहरीको संलग्नतामा सवारी चेकजाँचमा कडाइ गरिएको परिणाम यो वर्ष होलीमा कुनै पनि अप्रिय दुर्घटना नभएको बताए । सवारीधनी प्रमाणपत्र, लाइसेन्स नलिई र मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउनेविरुद्ध कडाइ गरिएका कारण होलीमा अप्रिय घटना नभएको बताए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका हवलदार नवीन पटेलले गत वर्ष फागु पूर्णिमामा भएको सवारी दुर्घटनामा चारजनाको मृत्यु भएको तर यस वर्ष कुनै अप्रिय घटना नभएको बताए ।

## एसइईमा मुसहर समुदायका बालबालिकाको सहभागिता शून्यबराबर

प्रस, सेढवा, १६ चैत/

बिहीवारदेखि देशभरि सञ्चालन भएको माध्यमिक शिक्षा परीक्षा (एसइई)मा पर्सामा मुसहर समुदायका बालबालिकाहरूको सहभागिता एकदमै न्यून रहेको छ ।



तस्वीरः फाइल

दलित समुदायमा पर्ने चमार र दुसाद जातिका बालबालिकाहरूको सहभागिता रहे पनि मुसहर समुदायका बालबालिकाको भने एकदमै न्यून सहभागिता रहेको छ ।

जीराभवानी गाउँपालिकामा मुसहर समुदायका करीब तीन सय परिवारको बसोबास भएपनि सो समुदायका एकजना पनि एसइईमा सहभागी छैनन् ।

जीराभवानी गाउँपालिकामा रहेका मावि सेढवा, जनता मावि जीतपुर नौकाटोला, मावि कठकुइया वसन्तपुर र वर्णमाला स्कूल गरी चारवटा विद्यालयबाट २१८ जना विद्यार्थी एसइई परीक्षामा सहभागी छन् । ती परीक्षार्थीहरूमा मुसहर समुदायका एकजना पनि सहभागी छैनन् ।

जीराभवानी गाउँपालिका वडा नं २ मा रहेको नेरामावि सेढवा बिर्ताका प्रधानाध्यापक खेमराजप्रसाद महतोका अनुसार मुसहर समुदायका बालबालिकाहरूको विद्यालयमा भर्ना भएपनि कक्षा ५/६ मा नपुग्दै विद्यालय छाड्ने गरेकाले एसइईमा सहभागी नभएका प्रअ महतोले बताए ।

त्यस्तै, पटेर्वासुगौली गाउँपालिकामा रहेका मावि रङ्गपुर, मावि दाप सुगौली र मावि निचुटा गरी तीनवटा विद्यालयबाट ३२५ जना विद्यार्थी परीक्षामा सहभागी छन् ।

जसमा मावि दाप सुगौलीबाट चारजना मुसहर समुदायका बालबालिकाको सहभागिता रहेको प्रअ रामाशङ्कर प्रसादले बताए ।

पटेर्वासुगौली गापा वडा नं ५ मा रहेको नेरामावि निचुटाका प्रअ श्याम घिमिरेका अनुसार मुसहर समुदाय एकदमै गरीब भएका कारण शिक्षाको पहुँचबाट टाढा रहेकाले एसइईमा उनीहरूको सहभागिता नरहेको बताए ।

यस समुदायका बालबालिकाहरू १०/१२ वर्ष उमेर पुग्दा नपुग्दै विद्यालय छाड्ने गरेका प्रअ घिमिरेले बताए ।

त्यस्तै, जगरनाथपुर गाउँपालिकामा पनि मुसहर समुदायका एकजना बालबालिकाको पजि एसइईमा सहभागिता नरहेको मावि सन्ठीका प्रअ हसमोद्दीन मियाँले बताए ।

यस क्षेत्रमा यो समुदायको बसोबास कम भएकोले पनि एसइईमा सहभागिता नभएको प्रअ मियाँको भनाइ छ ।

## नितनपुरमा प्रहरीमाथि आक्रमण गर्ने पाँचजना पक्राउ

प्रस, परवानीपुर, १६ चैत/

जीतपुरसिमरा उपमहानगरपालिका–१० नितनपुरमा प्रहरीमाथि आक्रमण गर्ने गिरोहमध्ये पाँचजना पक्राउ परेका छन् भने पाँचजना फरार छन् ।

गत चैत १३ गते मङ्गलवार नितनपुर गाउँमा डिजे बजाएर जीउभरि हिलो छ्यापेर नाचगान गरिरहेको अवस्थामा प्रहरीले रोक्न खोज्दा प्रहरीमाथि लाठी तथा मुक्का प्रहार गर्दै आक्रमण भएको थिए । होली बितेपछि पनि ठूलो आवाजमा डिजे बजिरहेकोले स्थानीयलाई असर परेको भन्दै गाउँलेले इलाका प्रहरी कार्यालय, जीतपुरमा खबर गरेका थिए । त्यसपछि वरिष्ठ प्रहरी नायब निरीक्षक प्रकाश खड्काको टोली भ्यान लिएर डिजे स्थलमा पुगेको थियो ।

रक्सीको नशामा चुर नितनपुरका युवकहरूले प्रहरीको कुरा सुनेर डिजे बन्द गर्नुको साटो प्रहरीमाथि नै आक्रमण गरेपछि झडप भएको थियो । घटनामा संलग्न १० जनामध्ये पाँचजनालाई इप्रका, जीतपुरको टोलीले नियन्त्रणमा लिएर कारबाई अगाडि बढाएको छ ।

पक्राउ पर्नेमा नितनपुरका युवाहरू रमेश पटेल, बिहारी पासवान, सन्तोष



मङ्गलवार प्रहरी र युवाबीच भएको झडपको दृश्य । तस्वीरः प्रतीक

पासवान, आरजु विक र उपेन्द्र सहनी रहेका छन् भने अन्य पाँचजना फरार रहेका जीतपुर प्रहरीले जनाएको छ । यस विषयमा सो वडाका अध्यक्ष सञ्जय पटेलले होली सकिसकेपछि पनि यस्तो गतिविधि गर्नु दुःखद भएको बताए । उनले दोषीलाई कारबाई र निर्दोषलाई रिहा गर्नुपर्ने माग गरे ।

जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले इप्रका, सिमरा मातहत घटना भएकोले सोही ठाउँमा कानूनबमोजिम कारबाई अगाडि बढाइएको बताए । उनले फरार व्यक्तिलाई चाँडै प्रहरीले कानूनको दायरामा ल्याउने बताए । झडपमा परेर इप्रका, जीतपुरका प्रहरी घाइते भएका उनले बताए ।

**विचारसार र सूक्तिहरू**

**मन कमलो हुन्छ, शब्दले चुँडिन्छ। तर शब्द जादुगर हो, जसले मन फेरि जोडिन्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७८, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# अनुदान ढिला, काम गुणस्तरहीन

**सङ्घ सरकारले घोषित अनुदान सहयोग समयमा नपठाउँदा स्थानीय पालिकाहरूको काम प्रभावित हुँदै आएको छ। यो कार्य प्रत्येक वर्ष हुँदै आएको देखिन्छ। नेपाल सङ्घीय गणतन्त्र भएको छ वर्ष अवधिमा सरकारले स्थानीय पालिकाहरूलाई दिनुपर्ने अनुदान सहयोगको रकम कुनै पनि वर्ष समयमा पठाएको देखिँदैन। अनुदान सहयोगलाई सरकारले समयमा नपठाउँदा कर्मचारीहरूको तलब, ठेकेदारहरूको भुक्तानीलगायतका कामहरू प्रभावित भएका छन्। सरकारले दिने अनुदान सहयोग आर्थिक वर्ष शुरू भएपछिको अवधिमा सक्दो चाँडो दिने हो भने काममा गुणस्तरीयता कायम हुन सक्ने स्थानीय पालिकाहरूको भनाइ छ। चालू आर्थिक वर्षको काम असार मसान्तसम्म पूरा गर्नेगरी स्थानीय पालिकाहरूले तालिका बनाएका हुन्छन्। तर असार मसान्तभन्दा एक महीना अघि मात्र अनुदान सहयोगबापतको रकम पठाउँदा समयमा काम सम्पन्न गर्नुपर्ने चटारोका साथै गुणस्तरीय कामको आशा पनि राख्न नसकिने पालिकाहरूको कुरा केही हदसम्म जायज पनि देखिन्छ। किनभने एक महीनामा सबैजसो काम एकसाथ सम्पन्न गर्नका लागि जनशक्तिको पनि अभाव हुन्छ। प्राविधिकहरूको टोलीले सबै स्थानमा इमानदारीका साथ अनुगमन गर्न सक्दैन भने ठेकेदारहरूले पनि सबै काम एकसाथ सकाउनुपर्ने दायित्वलाई निर्वाह गर्न सक्दैनन्।**

**पालिकाहरूमा ठेकेदार भनेको अहिले उपभोक्ता समिति भएका छन्। सबैजसो काम ठेकेदारले उपभोक्ता समितिमार्फत गर्दै आएका छन्। अनुदान सहयोगलाई चैत मसान्तसम्म पनि पठाउने हो भने तोकिएको समयमा कार्य सम्पन्न गर्न सकिने पालिकाहरूको सुझाव छ। अनुदान सहयोग आउनमा ढिला भएको कुरालाई अहिले पालिकाहरूले अस्त्रको रूपमा प्रयोग गरेको पनि देखिन्छ। सङ्घ र प्रदेश सरकारबाट आउने अनुदान सहयोगको अहिलेसम्म सदुपयोग भएको देखिएको पनि छैन। आएको अनुदान सहयोगको सही ढङ्गबाट प्रयोग नगरिएका कारण विकास निर्माण कार्यहरू आशाप्रदरूपमा राम्रो हुन सकेको छैन। पर्सा जिल्लाको कुरा गर्ने हो भने मधेस प्रदेशको एकमात्र महानगरपालिकामा हुने विकास निर्माण कार्यहरू त्यसका उदाहरण हुन्। महानगरले बनाउने कालोपत्र सडक अहिलेसम्म गुणस्तरीय हुनै सकेको छैन। वडास्तरमा निर्माण हुने कालोपत्र छ महीनाबाहेक टिकाउ नहुने गरेको र प्रत्येक वर्ष पुनः कालोपत्र गरिँदै आएको देख्न सकिन्छ।**

**साना सवारी सञ्चालन हुने सडकहरूमा कालोपत्रको साटो ऋङ्क्रिट ढलान सडक बढी टिकाउ देखिए पनि महानगरले कालोपत्र सडक निर्माणमा रुचि देखाउँदै आउनुको कारण बुझिनसक्नु छ। महानगरबाहेक तीनवटा नगरपालिका र १० वटा गाउँपालिकामा पनि कालोपत्र सडक बनाउने होडबाजी चलेको छ। पहिले गाविस हुँदा कच्ची बाटोमा ग्राभेल गर्ने कार्य बढी हुन्थ्यो। बर्सेनि ग्राभेल गरिने र वर्षाले बगाउने गरेको कारण सो कामबाट पनि भ्रष्टाचार हुन्थ्यो। यसरी सरकारी अनुदान सहयोगको रकम सदुपयोग भएको देखिँदैन थियो। सदुपयोग नभएको कारण सहयोग रकम पठाउन ढिलासुस्ती भएको हुन सक्ने अनुमान गर्न सकिन्छ। चाँडो पठाए पनि गुणस्तरीय काम नहुने भएकोले पनि सहयोग रकम ढिला पठाउँदा अहिले पालिकाहरूले सोही कुरालाई [redacted] सहानुभूति लिने काम गरेको**

# २३ मार्च: अन्तर्राष्ट्रिय नास्तिक दिवस र नेपाली समाज


स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**नेपाली समाजमा भौतिकवादी अथवा नास्तिक हुनुलाई साह्रै नराम्रो दृष्टिले हेरिने चलन पुरानै भए पनि अन्तर्राष्ट्रियरूपमा ठीक उल्टो अवस्था छ। खासगरी युरोपमा जति बजेट आस्तिक सङ्गठनहरूका लागि छुट्याइन्छ, त्यति नै नास्तिकहरूको लागि पनि छुट्याइन्छ।**

गएको शनिवार २३ मार्च संसारभरि अन्तर्राष्ट्रिय नास्तिक दिवस मनाइयो। पोहोर भौतिकवादी समाज नेपालको आयोजनामा वीरगंजमा प्रथम राष्ट्रिय भौतिकवादी दिवस चैत १० गते मनाएर शुरुआत भयो। यस वर्ष काठमाडौंको अनामनगर, सुनसरीको धरान, बारा–पर्साको वीरगंज, धनुषाको जनकपुर, चितवनको नारायणगढ तथा माडीमा भौतिकवादी समाज नेपालको ब्यानरमा दिवस भव्यरूपमा मनाइए पनि सञ्चार माध्यमहरूमा खासै स्थान पाएको देखिएन। यसो हुनुको मुख्य कारण हाम्रो समाजमा नास्तिकताप्रतिको नकारात्मक मनोविज्ञानले गर्दा पनि हो। हाम्रो समाजमा कोही नास्तिक देखिन चाहँदैन। यसको मुख्य कारण नास्तिक हुनु गाह्रो भएर पनि हो जबकि आस्तिक हुनु एकदमै सजिलो छ। तपाईंले दिनभरिमा कति चोटी झुटो बोल्नुभयो, कति मानिसलाई ठग्नुभयो, कति बेइमानी गर्नुभयो आदि कुराको कुनै अर्थ छैन। तपाईंले बिहान बेलुका पूजा गर्नुभयो, मन्दिर जानुभयो वा कुनै धार्मिक अनुष्ठान गर्नुभयो वा तीर्थाटन गर्नुभयो, गङ्गास्नान गर्नुभयो भने तपाईंले गरेका सबै पाप नाश भयो र तपाईं स्वर्गलोकको हकदार हुनुभयो। यति सजिलो काम कसले गर्न चाहँदैन ? त्यसैले यहाँ सबै मानिस आस्तिक बन्न रुचाउँछन्।

ठीक उल्टो नास्तिक, अझै भौतिकवादी बन्न निकै कठिन छ। सबभन्दा पहिले घरपरिवारले समर्थन दिँदैन। छरछिमेक, गाउँ–समाज, नातागोता, साथीभाइ सबैतिरबाट तिरस्कार र अपमान सहनुपर्छ। अन्धविश्वासबाट मुक्त हुनुको साथै रुढिवादिता परित्याग गर्नुपर्छ। यसको मतलब धर्मद्वारा सृजित सबै संस्कार तथा चाडपर्व मनाउन छोड्नुपर्छ। यो काम भने वा लेखेजस्तो सजिलो छैन। अनि कठिन भएन त नास्तिक जीवन यात्रा ?

नेपालमा बाबुको मृत्युपश्चात् धार्मिक कर्मकाण्ड नगर्नेहरूमध्ये एक विश्वेश्वरप्रसाद कोइराला पनि हुन् तर उनकै पार्टी नेपाली काङ्ग्रेसले यसलाई पछ्याउन सकेन। अनेकौं नामधारी कम्युनिस्ट पार्टीहरू छन् जसका नेता र कार्यकर्ता पूर्णरूपेण धार्मिक कर्मकाण्डमा लिप्त भेटिन्छन्। लाग्दछ नेपालका कम्युनिस्ट पार्टीहरूले छुट्टाछुट्टै मार्क्सवादको विकास गरेका छन् जस अन्तर्गत आदर्शवादी विचार र व्यवहार राख्न सबैलाई छुट छ। नेपालको कम्युनिस्ट पार्टी घरीघरी सत्तारुढ हुन्छ र त्यति बेला मन्दिर बनाउनु, पशुपतिमा सुनको जलहरी व्यवस्थापन गर्नु, मन्त्रीपद ग्रहण गर्न साइत हेर्नु, कालो बोको चढाएर शुभ साइत बनाउनु जस्ता अध्यात्मवादी काम गर्न साह्रै मन पर्छ। यिनका विचार र व्यवहारको स्तरमा देखिएको यस्तै दोधारे, अवसरवादी तथा पदलोलुप प्रवृत्तिले नेपाली समाजमा आदर्शवाद अझैसम्म जरो गाड्न सफल भएको छ।

नास्तिक दिवस सन् २००३ देखि हरेक वर्ष २३ मार्चमा मनाइँदै आएको छ। नास्तिक दिवसको उत्पत्ति २००३ मा इन्टरनेटमा प्रकाशित एउटा स्पूफ कथाबाट भएको हो। यो कथा एकजना नास्तिकबारे थियो जसले छुट्टीका लागि सरकारमाथि मुद्दा हाल्ने निर्णय गरे।

नास्तिक दिवस भगवान्मा विश्वास नगर्नेहरूका लागि उत्सवजस्तै हो। त्यसैले यो प्रकृति, मानव समाज र विज्ञानमा विश्वास गर्दै रूढीवाद र अन्धविश्वास मुक्त समाज निर्माण गर्न अगाडि बढेका अभियन्ताहरूले विश्वभर नास्तिक र भौतिकवादीहरूको अधिकारबारे चेतना जगाउन अगाडि बढ्ने अठोट पनि गर्दछन्। आज संसारमा व्याप्त विश्वास–अन्धविश्वास, अज्ञान–ज्ञान र विशिष्टताको विज्ञानबीच विविधताको कदर गर्दै विज्ञानको बाटोमा एक पाइला अगाडि बढाउने दिन हो।

यो संसार परिवर्तनशील छ। १३.८ अर्ब वर्षको हाम्रो ब्रह्माण्डको इतिहासमा पृथ्वी बनेको जम्मा चार अर्ब वर्ष मात्रै भएको छ। यो पृथ्वीको चार अर्ब वर्षको इतिहासमा हामी होमोसेपियन्स आएको तीन लाख वर्ष मात्रै भएको हो। तीन लाख वर्षको मानव इतिहासमा दिमागको रचनात्मक काममा प्रयोग गर्ने क्षमता विकसित भएको सत्तरी हजार वर्ष मात्रै हो। यसरी दस हजार वर्ष पहिले हामीले





कृषिकर्म गर्न जान्यौं र लगभग आठ हजार वर्षदेखि जीवन र जगत्लाई बुझ्न, व्याख्या गर्न तथा आफू अनुकूल परिवर्तन गर्न शुरु गरेका हौं। यसै अवधिमा हामीले ईश्वर, भूतप्रेत, भाग्य, पूर्वजन्म, पुनर्जन्म, स्वर्ग, नर्क, तन्त्रमन्त्र, धर्म, धर्मग्रन्थ, धार्मिक कर्मकाण्ड, धार्मिक चाडपर्व, धार्मिक संस्कृति आदि निर्माण गरेका हौं। आस्तिक विचारसँगै समाजमा नास्तिक विचार पनि आएको हो। मानव इतिहासको यो कालखण्डमा सबैतिर प्रकृतिलाई बुझ्ने सही ज्ञानको अभावमा अध्यात्मवादको विकास हैकम र क्रूर सत्ता मज्जाले हुर्कियो। तर मानवको ज्ञान व्यवहारमा आएको निरन्तर प्रयोग र अनुसन्धानले गर्दा प्रकृतिको रहस्य तथा प्रकोपका नियमहरू बिस्तारै मानिसले बुझ्न थाल्यो। फलस्वरूप समाजमा कायम अन्धविश्वास कमजोर हुन थाल्यो। युरोपमा विज्ञानको कुरा गर्दा पोपद्वारा मारिनु पर्ने अवस्था अहिले कतै छैन। यति बेला धर्मको ध्वजा त्यहाँ बढी फर्फराउँछ जहाँ अशिक्षा र गरीबीको बोलबाला छ। यति बेला संसारमा थुप्रै यस्ता देश छन् जहाँ बहुसङ्ख्यक जनताले कुनै धर्म मान्दैन। सन् २०२४ को विश्व जनसङ्ख्या रिभ्यु अनुसार नास्तिकहरूको जनसङ्ख्या यस प्रकार छ :–

चीनमा ९१५, जापानमा ८६५, स्वीडेनमा ७८५, चेक गणतन्त्रमा ७५५, बेलायतमा ७२५, बेल्जियममा ७२५, इस्टोनियामा ७२५, अस्ट्रेलियामा ७०५, नर्वेमा ७०५, डेनमार्कमा ६८५, भियतनाममा ६७५, जर्मनीमा ६६५, हङकङमा ६५५, द.कोरियामा ६५५, अजरबैजानमा ६४५, स्पेनमा ६३५, क्यानडामा ६३५, फिनल्यान्डमा ६२५, लाटभियामा ६२५, इजरायलमा ६१५, आयरल्याण्डमा ६०५ २२. अस्ट्रियामा ५९५, स्लोभाकियामा ५९५, फ्रान्समा ५५५, आइसल्याण्डमा ५४५, लिथुनियामा ५२५, बुल्गेरियामा ५०५, युक्रेनमा ४६५, अल्बानियामा ४४५, अमेरिकामा ४३५, इन्डोनेसियामा ४२५, पोर्चुगलमा ४१५ र रुसमा ३९५ जना छन्। त्यसैगरी प्यालेस्टिनमा २९५, मेक्सिकोमा ३८५, इराकमा ३६५, इटालीमा ३१५, पेरुमा २९५, लेबनानमा २९५, मङ्गोलियामा २१५, ग्रीकमा २७५, टर्कीमा २६५, सर्बियामा २५५, बोस्नियामा २४५, इरानमा २३५, अर्जेन्टिनामा २२५, इक्युडोरमा २२५, कंगोमा २१५, बङ्गलादेशमा २०५, ब्राजीलमा १९५, पोल्याण्डमा १९५, कोलम्बियामा १६५, पनामामा १६५, पाराग्वेमा १३५, रोमानियामा ११५, फिलिपिन्समा १०५, फिजीमा ८५, पाकिस्तानमा ७५, अर्मेनियामा ७५, पपुवान्युगिनीमा ६५, घानामा ६५, आइभरीकोस्टमा ६५, भारतमा ६५, नाइजेरियामा ३५ तथा थाइल्याण्डमा २५ जना छन्।

पश्चिमी समाजमा नास्तिक र भौतिकवादीको अर्थ लगभग एउटै भएपनि पूर्वीय समाजमा नास्तिक र भौतिकवादी फरक रहेको देखिन्छ। साँच्चै भन्नुपर्दा सबै भौतिकवादी नास्तिक हुन्छन्, तर सबै नास्तिक भौतिकवादी नहुन सक्छन्, खासगरी भारतीय उपमहाद्वीपमा। अन्तर्राष्ट्रियरूपमा भौतिकवादी र नास्तिक एउटै रहेको भए पनि पूर्वीय दर्शनमा वेद निन्दकहरूलाई समेत नास्तिकको रूपमा व्याख्या गरेको देखिन्छ। प्रागैतिहासिक कालमा मानवका लागि चुनौतीको रूपमा अनेकौं प्राकृतिक घटनाहरू थिए। तिनै प्रश्नहरूको जवाफ दिने क्रममा अज्ञानताको कारण एकथरी मानिसले अदृश्य शक्तिलाई पूजा गर्नेदेखि अनेकौं प्रकारका देवी, देवता तथा धर्मको व्यवस्थापन गरे। जुन पछिल्लो चरणमा अन्धविश्वास तथा रूढिवादी परम्परामा रूपान्तरण हुन पुग्यो। तर समयसमयमा यस्ता मनोगत कल्पनामाथि अविश्वास गर्ने र औंला ठड्याउने कामपनि केही मानिसद्वारा भइ नै रह्यो। पछिल्लो चरणमा आइपुग्दा यो मतभेद आस्तिक वा अध्यात्मवादी तथा भौतिकवादी विचारको रूपमा देखापरेको हो। अध्यात्मवादले जीवन र जगत्लाई ईश्वरले सृष्टि गरेको, उसैको इच्छा अनुसार संसार चल्ने मान्दछ; भौतिकवादले जीवन र जगत्को आफ्नो छुट्टै नियम हुन्छ र त्यसै आधारमा यो चल्छ भनी बताउँदै आएको छ।

भौतिकवादी विचार भनेको दर्शनशास्त्रको आधुनिक र वैज्ञानिक बाटो हो। भौतिकवादी दर्शन तत्त्वशास्त्रीय सिद्धान्त पनि हो। जडतत्त्व वा पदार्थलाई नै विश्व जगत्को मूल आधार मान्ने दर्शनलाई भौतिकवादी दर्शन भनिन्छ। यसमा भौतिकताले प्राथमिकता पाएको हुन्छ। अर्थात भौतिकरूपमा देखिने, हेरिने र बुझिने जुन जगत् छ, त्यो नै वास्तविक विश्व हो भन्ने विचारलाई भौतिकवाद भनिन्छ। भौतिकवादी दर्शनले प्रमुख तत्त्व भनेर खास स्वरूपमा देखिने जडतत्त्वलाई मान्दछ। यही जडतत्त्वबाट हरेक वस्तुको सृष्टि र निर्माण भएको हो भन्ने विचार भौतिकवादी दर्शनको विशेषता हो। यसले भाग्यवाद, पूर्वजन्म – पुनर्जन्म, स्वर्ग–नर्क, जातिपाति, ईश्वरवाद जस्ता सम्पूर्ण विचारलाई खारेज गर्दछ।

विश्व जगतको सबै पदार्थको रूप भौतिक हुन्छ। अर्थात् संसारमा अभौतिक भन्ने कुनै वस्तु हुँदैन। भौतिकवादले चेतना, प्रत्यय वा अध्यात्मलाई पनि जडतत्त्वकै आधारबाट उत्पत्ति भएको मान्दछ। यस दर्शनले विकासको व्याख्या प्राकृतिक नियमहरूको क्रमिक विकासको पद्धतिबाट गर्दछ। यस अनुसार विश्वको निर्माण, विकास र पतन पनि प्राकृतिक नियमहरूबाट नै हुन्छ। कुनै अलौकिक र अदृश्य शक्तिको अस्तित्वलाई भौतिकवादले अस्वीकार गर्दछ।

वास्तवमा भौतिकवादले कुनै ईश्वर, परमात्मा, शक्ति र अलौकिक कुराको अस्तित्वलाई मान्दैन। यो विश्वजगत् र ब्रह्माण्ड आफैंमा स्वतन्त्र छ र यसभन्दा पर अर्को कुनै अतिरिक्त शक्ति छैन भन्ने कुरा भौतिकवादी दर्शनको निष्कर्ष हो। यस दर्शनलाई यथार्थवादी, विश्लेषणात्मक र वैज्ञानिक दर्शन पनि भनिन्छ। जडतत्त्व भनेको कुनै वस्तुविशेष नभई सबै वस्तुमा हुने सार्वभौम र सर्वव्यापी तत्त्वको एकाइ हो। सामान्यतया यसको ज्ञान इन्द्रियबाट हुन्छ तर यसको व्याख्या र विश्लेषण बौद्धिक र वैज्ञानिक तरीकाले मात्र गर्न सकिन्छ।

यो एक्काइसौं शताब्दी विज्ञान र प्रविधिको युग हो। यति बेला अन्धविश्वासी र रुढीवादी भएर बाँच्नु बिलकुल गलत हो। अहिले हामी कुनै पनि कुरा पारम्परिकरूपमा भइआएको भनेर स्वीकार गर्न सकिन्न, बरु तर्क गर्छौं, प्रमाण खोज्छौं, तथ्यको आधारमा सत्य पत्ता लगाउँछौं र प्रमाणित सत्यलाई नै सत्यको रूपमा अङ्गीकार गर्छौं। हामी भौतिकवादीहरू विश्वासको भरमा कुनै कुरा मान्दैनौं, जसलाई हामी जान्न सक्दैनौं, त्यसलाई हामी मान्दैनौं। यति बेला प्रकृतिमैत्री र मानवतावादी भएर संसारभरिका मानिसले बाँच्न जरुरी छ। यसो हुनको लागि मानिस–मानिसबीचको तेरो–मेरो, सानो–ठूलो, छुत–अछुतजस्ता सबैखाले विभेद समाप्त हुनुपर्छ। अनि मात्रै मानिसहरू समान भएर बाँच्छन्। विज्ञानको यस युगमा मानिसहरू वैज्ञानिक चेतनाले प्रकृतिप्रेमी र मानव भई बाँच्नको लागि पनि भौतिकवादी समाज चाहिन्छ। त्यसैले आजको आवश्यकता हो – गरीबी तथा अशिक्षामा पिल्सिएको विभेदयुक्त समाज अब वैज्ञानिक चेतनाले भौतिकवादी समाजमा रूपान्तरण हुनुपर्छ।

नेपाली समाजमा भौतिकवादी अथवा नास्तिक हुनुलाई साह्रै नराम्रो दृष्टिले हेरिने चलन पुरानै भए पनि अन्तर्राष्ट्रियरूपमा ठीक उल्टो अवस्था छ। खासगरी युरोपमा जति बजेट आस्तिक सङ्गठनहरूका लागि छुट्याइन्छ, त्यति नै नास्तिकहरूको लागि पनि छुट्याइन्छ। यस्तो हुनुको कारण संसारभरि नास्तिकहरूको अत्यन्तै तीव्र गतिका साथ भएको वृद्धि हो। जहाँसम्म नेपालको कुरा छ यहाँ जनगणना गर्दा अधार्मिक अर्थात नास्तिक वा भौतिकवादी भन्ने कलम नै राखिएको छैन जबकि नास्तिक र भौतिकवादीहरूको सङ्ख्यामा पछिल्लो चरणमा तीव्र वृद्धि भएको छ। त्यसैले अब गरिने जनगणनामा भौतिकवादी कलम राख्न अत्यन्त जरुरी छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४८

# सांस्कृतिक चेतनामा सुधारको सङ्केत ?


स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com


सन्दर्भ होलीकै जोडौं । हुनत होली बितिसकेको छ तर अझै पनि होलीको रङ मानिसको मन तथा लुगामा देखिएको छ । होलीले छोडेको छापबारे यहाँ विमर्श गर्ने प्रयास गरेको छु ।

होलीका धेरै विकृति छन्, यसमा शङ्का नगरौं तर यसपटक होलीमा मौलिकताको खोजी गर्ने धेरै प्रयास भएको छ, यो सकारात्मक पक्ष हो । होलीको मौलिक संस्कृति जोगाउन मुख्यतः शिक्षित तथा बौद्धिक समुदायले केही प्रयास गरेका छन् । अब यो पनि कि बिस्तारै आगामी दिनमा यस प्रकृतिले विस्तार पाउला, यदि सांस्कृतिक चेतनामा सुधारको सङ्केत हो भने ।

होलीको एक हप्ता पहिले नै रौतहटको महमदपुरका केही शिक्षित तथा बौद्धिक व्यक्तित्वहरूले होलीको परम्परागत पेय खाइहाल्नुहुँदैन । अलिकबेरमा खानुपर्छ । वा कतिपयले सबै सामग्री हालेपछि एकछिन आगोमा तताउँछन् पनि । यो ठाउँ अनुसार फरक हुने कुरो भयो ।

यसपटक धेरै ठाउँमा 'कुसमा' बनाउने तथा सेवन गर्ने काम भएको छ । लोप हुन लागेको सम्भवतः होलीको आदि पेय



समत



कुसमा

पदार्थको बारेमा जानकारी लिन चाहे । तिनीहरूले इन्टरनेटमा अनेक किसिमले सर्च गरे तर पाएनन् । खोजी थियो 'कुसमा' को । सम्भवतः धेरै क्षेत्रमा यस पेय पदार्थको प्रचलन नभएर बज्जिकाञ्चलमा मात्र भएकोले होला, जुनसुकै सर्च इन्जिनमा सर्च गर्दा पनि 'कुसमा' बनाउने विधि र प्रक्रिया नपाएपछि निराश भए ।

होलिका कहिलेदेखि र किन मानिसले पिउन शुरू गरे ? सम्भवतः यसको इतिहास यही 'कुसमा'सित जोडिएको छ । सम्भवतः यो सर्वप्राचीन पेय पदार्थ हो होलीको । यसलाई एक दिन होलीको दिन मात्र बनाइन्छ र सेवन गरिन्छ । अझै पनि यो चलनचल्तीमा रहेको छ, ग्रामीण क्षेत्रमा । यसले नशा दिन्छ । यसले नशा दिंदैन पनि । यसलाई बनाउने तरीका वा यसमा मिसाइने सामग्रीको आधारमा यसले नशा दिने वा नदिने हुन्छ ।

सबैभन्दा पहिले एक लिटर दूधमा एक चौथाइ बराबर सख्खर हाल्नुपर्छ । राम्ररी घोलेर मिलाएपछि त्यसमा करीब १५ ग्राम सुकुमेल, १५ ग्राम ल्वाङ, १० ग्राम दालचिनीलाई सम्भव भएसम्म मसिनो धूलो बनाएर मिसाइन्छ । होलिका दहनमा पोलेर ल्याइएको गहुँको १० दाना नै पनि पिंधेर हाल्दा धेरै हुन्छ । यत्ति भएपछि जति धेरै फेट्न वा चलाउन सक्यो त्यत्ति राम्रो । पहिले नै दूध उमालेर त्यसको तर निकालिइसकिएको हुनुपर्छ । अनि जसलाई अलिकति बढी नशालु बनाउन मन हुन्छ, उसले गहुँको दाना अलिकति बढी हाल्नुपर्छ । स्वाद अनुसार दूधमा हाल्न सकिने अन्य मसला पनि हाल्न सकिन्छ । अझ कतिपयले पाँच दश दाना भाङ वा दुई/चार दाना धतुरो पनि हाल्छन् पिनेरै तर भाङ र धतुरो निकै खतरनाक हो । यसबाट सम्भव भएसम्म जोगिनैपर्छ । कतिपयलाई धेरैबेरसम्म फेट्न वा मिलाउन सजिलो हुँदैन भने एकछिन त्यत्तिकै छोपेर राखिदिंदा हुन्छ । करीब एक घण्टा छोपेर राख्दा पनि 'कुसमा' तयार हुन्छ । लगत्तै

पदार्थबारे स्वस्थ चेतनाको सचेत विस्तार हुनुलाई राम्रो मानिएको छ ।

यसपटकको होलिका दहन 'समत'मा पनि युवाहरूको सम्मानजनक सहभागिता रहेको देखियो । 'समत' नै गाउँमा र अझ घरमा होलीको सुरुआत हो । 'समत'



परम्परागत बाजा । तस्वीरः लेखक

नजलाई कुनै पनि घरमा होली हुँदैन । पहिलेदेखि 'समत'को विरोध गर्ने, अन्धविश्वास मान्ने तथा बेकारको ठान्नेहरूले पनि यसको वैज्ञानिकताको खोजी गर्नुपर्ने भन्दै यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिएको पाइयो । होलिका दहनको प्रतीक त 'समत' हो नै तर यसले हरेक घरमा केही सन्देश पठाउँछ । हरेक घरमा यसको राप पुग्नुपर्छ । यस कारण हरेक घरका कोही न कोही यसमा सहभागी हुनुपर्छ भन्ने मान्यता छ । 'समत'लाई गाउँमा वसन्त ऋतुको साँध मानिन्छ । 'समत' जलाइएसँगै वसन्त ऋतुको प्रवेश हुन्छ र वसन्तको उत्सव नै होली हो । यसैले होली चैतको पहिलो दिन मनाइन्छ । 'समत'ले एउटा ऋतुलाई पठाउने तथा अर्को ऋतुलाई भित्र्याउने हुनाले यस प्राचीन संस्कृतिको मौलिकता तथा वैज्ञानिकताको खोजी कालान्तरमा गरिएला तर वर्तमानमा जोगाइराख्नु जरुरी भएको अभिमत देखिएको छ । यस कारण बौद्धिक समुदाय र शिक्षित वर्ग चाहिं 'समत'मा सहभागी भएर नव युवावर्गलाई प्रोत्साहित गरेका छन् र यसको निरन्तरताको सङ्केत गरेका छन् । यसपटक परम्परागत गीत र बाजाको प्रयोग होलीमा खूब भएको छ । क्याम्पसमा अध्यापन गर्ने अध्यापक, शिक्षक तथा विभिन्न कर्मचारीहरूसमेतले होलीको डम्फु बजाएको देखियो । होलीको सबैभन्दा प्राचीन बाजा नै डम्फु हो । बाजाको सन्दर्भमा होली र डम्फु पर्यायवाची हुन् । अन्य परम्परागत बाजाहरू पनि खूब बजाइए । बजाउने प्रयास हुनु निकै सकारात्मक पक्ष हो । कतैकतै स्टेज कार्यक्रम हुँदा होलीको शुभकामना एकातिर र होलीको परम्परागत बाजा तथा गीतको धुन तथा ताल र सुर अर्कोतिर बजिरहनुलाई बेग्लै आनन्दको अनुभूति माने मानिसहरूले । यसपटकको होलीमा यस प्रकारका प्रशंसनीय कार्यहरू पनि भए कि होलीका लागि आवश्यक परम्परागत बाजाहरूको खोजी गरियो । केही समय पहिले अयोध्यामा राम मन्दिरमा प्राणप्रतिष्ठा हुँदा पनि परम्परागत बाजाको खूब खोजी गरिएको थियो र अहिले पनि भयो । अहिले शिक्षित र बौद्धिक मानिसहरूले पनि बाजा बजाउने प्रयास गरेर एक हिसाबले पहिलेदेखि बजाउँदै आएका मानिसलाई सम्मान गरेका हुन् ।

अनि होलीको विशेषता रङ कि अबिर ? दुवै हुन् तर मानिसले अबिर र रङ भन्दैनन् । होलीको रङ र अबिर भन्छन् । पहिले होलीमा निकै कमले अबिरको प्रयोग गर्थे, धेरैले रङ नै उपयोग गर्थे । अनि अबिरले मात्र समाजमा प्रधानता पाइसकेको वर्तमान सन्दर्भमा केही गाउँका शिक्षित, बुजुर्ग तथा बुद्धिजीवीहरूले अबिरमाथि कुनै बन्देज नलगाइ रङले नै होली खेल्ने सार्थक प्रयास गरेका छन् । अबिरमा पनि रङ धेरै हुने भएकोले बरु शुद्ध रङ हुँदा स्वास्थ्यलाई तुलनात्मक कम हानि हुने तथा मुख्यरूपमा परम्परा जोगिने भन्ने तर्क आएको छ । होलीका परम्परागत गीतहरूमा अबिरभन्दा रङको सन्दर्भ बढी पाइन्छ । यसैगरी, रङ र अबिरमध्ये कुन प्राचीन होला त ? यसरी पनि विचार गरी हेर्दा धेरैको विचारमा रङलाई नै प्राथमिकता दिइनु उचित मानिएको देखियो ।

यसरी कतै होलीप्रति सचेतना बढेको हो वा होलीसँगै परम्परागत सांस्कृतिक धरोहर संरक्षण वा संवर्द्धनका लागि केही सार्थक प्रयासको सम्भावनात्मक सङ्केत देखिएको हो कि ? वास्तवमा सबै क्षेत्रमा सचेतना बढ्दै जाँदा होलीका विकृतिलाई कम गर्न बिस्तारै संस्कृतिभित्रका पुराना र परम्परागत विकृतिरहित, अन्धविश्वासरहित संस्कृति मान्नु उचित हुन्छ कि ? विकल्प दिएर शिक्षित र बुद्धिजीवीहरूले पनि संस्कृतिको संवर्द्धनमा सचेत योगदान दिने हो भने अझै पनि हाम्रो संस्कृतिका कतिपय लोपोन्मुख अङ्गहरू जोगिन सम्भव छ ।

# लोपोन्मुख चैतावर लोकगीत


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


प्रीत रङ लहङ्गा, सबुज रङ चोलिया ।
प्रीत रङ लहङ्गा
प्रीत रङ लहङ्गा, सबुज रङ चोलिया ।
लाल रङ चुनरी रङ्गइबो हो रामा,
पिया घर अइहे–२
चैत मासे चोलिया रङ्गइबो हो रामा,
पिया घर अइहे–२
कर सिङ्गार, आँगन भई ठारी ।
कर सिङ्गार
कर सिङ्गार, आँगन भई ठारी ।
हँसी–हँसी पिया के रिझइबो हो रामा,
पिया घर अइहे–२
चैत मासे चुनरी रङ्गइबो हो रामा,
पिया घर अइहे–२

यो चैतावर भाकाको लोकगीत हो । वसन्तु ऋतुको प्रभावले सराबोर मनोभाव चैतावर लोकगीतहरूमा प्रशस्त पाइन्छन् । उपरोक्त लोकगीतको पहिलो पङ्क्तिमा एक पत्नीले चैत महीनामा प्रेमको रङमा लहङ्गा, हरियो (सबुज) रङले चोली र रातो रङले दुपट्टा रङ्गाउने कुरा व्यक्त गरेकी छन् । साथै, दोस्रो पङ्क्तिमार्फत उनले चैत महीनामा पतिदेव आउँदा शृङ्गार गरी आँगनमा उभेर हाँसी–हाँसी रिझाउने आशय व्यक्त गरेकी छन् ।

वसन्तभावलाई सम्बोधन गर्ने चैतावर लोकगीतको प्रत्येक शब्द र पङ्क्तिहरू तरङ्ग उत्पन्न गर्ने खालका हुन्छन् । यो तरङ्ग अङ्गअङ्गमा प्रवाहित नहुने कुरै हुँदैन । वसन्त ऋतुमा उत्पन्न हुने भावनात्मक मनोविज्ञान चैतावर गीतहरूमार्फत प्रकट गरिएको पाइन्छ । यी गीतहरू अपवादबाहेक सरल शब्दहरूको संयोजनमा सृजना गरिन्छ । यी गीतहरू केवल गुनगुनाएर पनि यसको भाव स्वयम् महसूस गर्न सकिन्छ ।

होलीको समापनसँगै चैत महीना प्रारम्भ हुन्छ । चैत र वैशाख (मध्य मार्चदेखि मध्य मे) वसन्त ऋतु अन्तर्गत पर्छ । वसन्त ऋतुमा बोटबिरुवाहरूमा नयाँनयाँ पात, कोपिला, फूल र फल अङ्कुरित हुने क्रम शुरू हुन्छ । यस महीनामा मौसम न बढी चीसो, न बढी तातो हुन्छ । ब्रह्म मुहूर्तको शिरशिरे हावासँगै आँपको मोजर, चमेली र महुवा आदि फलफूलको सुगन्धले वसन्त ऋतुको गरिमा व्यक्त गर्छ । यद्यपि चैत महीना हावाहुरीसँगै चटचाङको गडगडाहट र असिना–पानीको प्रकोप उत्तिकै रहन्छ ।

यसैगरी, हिमाली क्षेत्र लालीगुराँस फूलले ढकमक्क हुन्छ । टुसा पलाउने र बिस्तारै फक्रँदै प्राकृतिक स्वरूप धारण गर्ने बेला हो यो । सेताम्य हिमालमा राताम्य लालीगुराँसको आकर्षकले मन लोभ्याउँछ ।

मधेसको सेरोफेरोमा होली पर्वको राति चैतावर गीत गाएर समापन गर्ने परम्परा सदियौंदेखि निरन्तर छ । चैतावर लोकगीत चैत महीनाको आगमनको सूचक र पर्यायवाची पनि हो । हिन्दू पञ्चाङ्ग अनुसार चैत महीनाको कृष्ण पक्ष (१५ दिन) चालू वर्ष तथा शुक्ल पक्षको एकम् तिथिदेखि नववर्षको शुभारम्भ हुन्छ । यो महीनाका अनेक महत्त्वहरूमध्ये मधेसी लोकजीवनमा "चैता/चैतावर' लोकगीत अभिन्न अङ्ग मानिन्छ । भोजपुरीभाषीहरूमाझ चैतावर गीतको बिछट्टै महत्त्व छ ।

एकाध दशक अघिको परिवेश स्मरण गर्ने हो भने चैत महीनामा गाउँगाउँमा चैतावर गीतसङ्गीतको गुञ्ज मनग्यै सुन्न पाइन्थ्यो । गृहस्थ जनजीवन दिनभरि काममा व्यस्त हुन्थ्यो । अनि रातिको बेला खाना खाएर निश्चित स्थानमा लोकगायकहरूको समूह भेला हुन्थ्यो । चैतावर गीतको आनन्दमा सराबोर हुने श्रोताहरूको त्यति बेला बाहुल्यता थियो । मध्यरात्रिसम्म चैतावर गायन–वादन हुन्थ्यो । मनोरञ्जनको अद्भुत परिदृश्य त छँदै थियो, चैतावर लोकगीतहरू स्वछन्द र समग्र समुदाय एकथलोमा बसेर गीतको माध्यमबाट प्राकृतिक गुणाको वर्णन सुनेर आनन्दविभोर हुने माहोल थियो ।

चैत महीनामा चराहरूले प्रजननका लागि गुँड बनाउन थाल्छन् । वसन्त ऋतु चरम सीमामा हुने भएकोले यस महीनालाई 'मधुमास' पनि भनिन्छ । चैता गायकहरूले चैतावर गीतलाई लोकगीत मान्छन् भने कतिपयले यसलाई शास्त्रीय सङ्गीतको स्वरूप भन्छन् । पुराना पुस्ता होस् वा नयाँ, सबै खाले गायक र श्रोताहरूले अहिले चैतावर गीतको अवस्था पहिले जस्तो नरहेको बताउँछन् ।

वर्तमान समयमा चैतावर गीतको पुस्तान्तरण सुस्त रहेको कुरा स्पष्ट छ । त्यसैगरी, नयाँ पुस्ताका युवाहरूको सामाजिक सञ्जाल र संसाधनमा बढ्दो लिप्तताले परम्परा सङ्कुचित हुँदै गइरहेको तर्क गर्ने जमात पनि छ । उहिले प्रायःजसो गाउँहरूमा चैतावर गाउने मण्डली हुन्थ्यो । तर अहिले बचेखुचेका सीमित गायक र मण्डलीको अस्तित्व रक्षा गर्ने दायित्वबोध नहुँदा भविष्यमा चैतावर माहोल स्मरण गर्नुबाहेक विकल्प नहुने कतिपयको ठहर छ ।

विभिन्न कारणले चैतावर गीत लोप हुने अवस्थामा रहेको कुरा ठम्याउन कठिन छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय लोकसंस्कृतिको संरक्षण गर्ने अधिकार प्रदत्त गरेको छ । यद्यपि अपवादबाहेक मधेस प्रदेशमा स्थानीय लोकसंस्कृतिको संरक्षण गर्ने दायित्व कहालीलाग्दो छ । स्थानीय सरकार सञ्चालन ऐनले समेत प्रत्याभूत गरेको अवस्थामा जनप्रतिनिधिहरू चासोविहीन हुनु विडम्बनापूर्ण दुर्भाग्य हो । यसतर्फ स्थानीय तहहरू चासोशून्य रहेको आममानिसहरूको बुझाइ अकाट्य छ । अन्य जिम्मेवारीसँगै लोकसंस्कृतिको संरक्षण गर्न सकिन्छ । समाजमा संस्कृतिको असीम अनुभूति प्रवाह गर्न सकिन्छ । तर यसको लागि संस्कृतिपरक कर्तव्य आवश्यक हुन्छ ।

एकातर्फ लोकसंस्कृतियुक्त कार्यक्रमहरूको आयोजना नहुने र अर्कोतर्फ भाइरल हुने होड तथा मनोरञ्जनको नाममा सामाजिक मर्यादाविरुद्ध क्रियाकलाप फैलिंदै गइरहेकाले वास्तविक तत्त्व विलीन हुने क्रम चिन्तनीय छ । त्यस कारण पुर्ख्यौली संस्कृति र संस्कार स्थापित गर्नको लागि स्थानीय तहहरूले आलोपालो यस्ता कार्यक्रमहरूको आयोजना गर्नु नितान्त जरुरी छ । पर्सा जिल्लाको कुरा गर्ने हो भने यहाँ १४ वटा पालिका छन् । एक महीनामा एकपटक यस्ता कार्यक्रमको आयोजना गरे पनि एउटा पालिकाको पालो १४ महीनामा एकपटक आउँछ । सरोकारवाला सबैले आफ्नो मौलिक संस्कृतिप्रति छातीमा हात राखेर एकपटक सोचौं त ।

कानून छ तर कार्यान्वयन गर्ने चासो अपवादबाहेक छैन । तर हामीले सकारात्मक भएर सोच्ने हो भने आँट गरे अवश्य हुन्छ । यसो भयो भने संस्कृति मात्र जोगिंदैन, बरु नयाँ पुस्तामा संस्कृतिप्रति प्रेमभाव अङ्कुरित र हस्तान्तरण हुने सम्भावना प्रबल हुन्छ । मानवीय स्वभाव अनुसार हामी जे बढी देख्छौं/सुन्छौं त्यसैप्रति मानसिकता एकाकार हुन्छ, चाहे त्यो सकारात्मक होस् वा नकारात्मक । अहिले त्यसै भइरहेको अवस्था छ, सकारात्मक मनोरञ्जनप्रति कसैको चासो छैन भने नकारात्मक मनोरञ्जनको प्रभाव समाजमा हाबी हुँदै गइरहेको अवस्था छ ।

यसै सेरोफेरोमा गरिएको कुराकानीको संक्षिप्त अंश प्रस्तुत छ :–

**उपेन्द्र उज्ज्वल (लोकगायक)**



"बितले फगुनवा से हो चइता अइले हो रामा,
सखिया सहेलिया खेलेली झाका झुमर हो रामा...।"

उपरोक्त गीत पुस्तान्तरण हुँदै आएको र गाउँघरमा प्रचलित चैतावर गीत हो । नेपालको दक्षिणी भूभाग र छिमेकी भारतको बिहार तथा उत्तर प्रदेश राज्यमा चैता, चैती र चैतावर भनिन्छ । यी गीतहरूले मुख्यरूपमा वसन्त ऋतु र चैत महनिाको महिमा वर्णन गर्छन् । पुस्तान्तरण हुँदै आइरहेको एक अर्को चैतावर गीत छ–

"हम तोहसे पुछेनी छोटकी ननदिया हो रामा,
चोलिया के बानवा से, हो कइसे टुटले हो रामा...।"

चैतावर गीत प्रायःजसो 'दीपचण्डी' वा 'रागताल'मा गाइन्छ । तर कतिपय गायकहरूले 'सितारवाणी' वा 'जलाद त्रिताल'मा पनि गाएका छन् । आधुनिक समयमा यो परम्परा विलुप्त हुँदै गएको अवस्था छ । उहिले गाउँघरमा चैता जमघट हुने गरेको थियो । त्यहीं जमघटबाट नयाँ पुस्तामा चासो जागृत र समयक्रमसँगै हस्तान्तरित हुन्थ्यो । अहिले संस्कृतिभित्रको क्रियाकलापमाथि संस्कृतिबाहिरका क्रियाकलापहरू हाबी हुँदै गएका छन्, जुन रोकिनुपर्छ । चालकविहीन गाडीझैं वर्तमान अवस्था छ । त्यस्तो गाडीको न दिशा न गतिको ठेगान भएझैं लोकसंस्कृतिको संरक्षण पनि दायित्वविहीन अवस्थामा छ । स्थानीय गायक र गीतको मनोबल बढाउने प्रवृत्ति शून्य अवस्थामा छ । चैतावर गीतहरूको सङ्कलन र संरक्षणका साथै नयाँ पुस्तामा ऊर्जा प्रवाह हुने गतिविधि वाञ्छनीय हुन्छ । यस कुरामा स्थानीय तहलगायत चौतर्फी सहयोग र सहकार्यको खाँचो छ । यसप्रति स्थानीय तहका जिम्मेवार जनप्रतिनिधिहरूले कर्तव्यबोध गर्नु वाञ्छनीय हुनेछ ।

**आमोद गुप्ता, (अध्यक्ष, भोजपुरीया उडान)**

चैतावरका अनेक गीतहरू छन् । बाल्यकालदेखि गाउँघरमा सुन्दै आइरहेका गीत अहिले न्यून हुँदै गइरहेको अवस्था


(बाँकी चौथो पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

अरू देशहरूमा भएका कतिपय ध्यान केन्द्र तथा आश्रमहरूलाई पनि कम्युनमा रूपान्तरित गरिएको थियो । ती कम्युनहरूमा जसलाई कम्युनमा बस्न राम्रो लाग्थ्यो, ती आएर बस्न थाले । यो प्रयोग धेरै सफल भयो । कम्युनमा आएर जति पनि मानिस बसे, उनीहरूलाई पनि धेरै राम्रो लाग्यो । त्यहाँ परिवारको बन्धन थिएन, स्वतन्त्रताको सम्मान तथा भाइचारा दुवै उपलब्ध थियो ।

ओशोको साँझको समयमा जुन कीर्तन गराउँथे, त्यसको नाम 'ह्वाइट रोब ब्रदरहुड' राखेका थिए । यसमा सबै मानिसहरू श्वेत वस्त्र पहिरिएर आउँथे, यसले बढी भाइचाराको माहोल प्रदान गर्दथ्यो । उनीहरू निकै प्रेमपूर्ण तथा मित्रतापूर्ण वातावरमा उत्सव मनाउँथे । पाँच हजार मानिस एकसाथ प्रेमपूर्वक रजनिशपुरमको भान्सामा खाना खाने गर्थे । यहाँ सबैलाई भोजन पकाउने, सबैको कपडा धुने तथा घरको सरसफाइ गर्ने सुन्दर सामाजिक व्यवस्था गरिएको थियो ।

कामको बाँडफाँटमा उचनीचको केही भेद गरिँदैनथ्यो । चिकित्सकलाई ज्यादा महत्त्व, त्योभन्दा कम नर्सलाई, नर्सभन्दा कम कम्पाउन्डरलाई र सबभन्दा कम सफाइ कर्मचारीलाई भन्ने थिएन । सबैलाई जीवनका सुविधा एक समान थिए । कामले कोही पनि उच्च थिएन, कोही पनि नीच थिएन, यसैले गर्ने काम पनि बराबर परिवर्तन भइरहन्थ्यो । केही दिन कसैले एउटा काम गऱ्यो, फेरि केही दिन अर्कोले । कहिले मजदुरको काम गऱ्यो, कहिले सडक बनाउने काम, कहिले इलेक्ट्रिसियनको काम गऱ्यो त कहिले कार्पेन्टरको । जहिले जे जुन काम गर्ने जरुरत हुन्थ्यो, सबैजना त्यो काम गर्न तयार हुन्थे, नाइँनास्ती कसैले गर्दैनथ्यो । इन्फेरियर तथा सुपेरियरको प्रश्न कसैले उठाउँदैनथे । ओशोले यस प्रकारको एउटा अद्भुत व्यवस्था बनाएका थिए, जसलाई हामी कार्ल मार्क्सको कम्युनिज्मभन्दा पनि श्रेष्ठ भन्न सक्छौं । किनभने कम्युनिज्ममा समानता भनिए पनि हाई रेंकिङ भने कायम हुन्छ, काम हेरेर कसैलाई माथि, कसैलाई तल राखिएको हुन्छ, कामलाई समानरूपले हेरिएको हुँदैन । समानता आएकै हुँदैन । यसरी हेर्दा ओशोले पहिलोपटक समानता स्थापना गरेका थिए ।

ओशोको यो प्रयोग अद्भुत थियो । यही कारणले खूबै सफल पनि भयो । यसै सफलताको कारण अमेरिकी सरकार तथा त्यहाँका कट्टरपन्थी इसाईहरू आत्तिए अनि कम्युनका विरोधी हुन पुगे । उनीहरूले कम्युनलाई जसरी पनि नष्ट पार्ने अठोट गरे । ओशोले कम्युन शब्द प्रयोग गरेको देखेर उनीहरूलाई यस्तो लाग्यो कि शायद यिनीहरू सोभियत रुसका कम्युनिस्ट एजेन्ट हुन् । सबैभन्दा ठूलो प्रजातान्त्रिक देश अमेरिकामा कुनै विदेशी साम्यवादी सफल कम्युन स्थापना गरेर बसिरहेको छ । यसको मतलब उसले कम्युनिज्म फैलाइरहेको छ भन्ने उनीहरूको भ्रमपूर्ण सोचाइ थियो । ओशो कार्ल मार्क्सका पक्षपाती थिए । उनले त्योभन्दा पनि उच्चस्तरको धारणा दिइरहेका थिए । तर सारा गडबड उनले दिएको कम्युन नामले गर्दा भयो । कम्युन र कम्युनिज्म सुन्नमा उस्तैउस्तै लाग्ने भएकाले उनीहरूलाई लाग्यो कि यिनीहरू रुसका एजेन्ट हुन् र अमेरिकालाई नष्ट गर्न आएका हुन् ।

ओशोको कम्युनमा बस्न लाखौंलाख मानिस उत्सुक भएको देखेर अमेरिकी सरकार तथा कट्टरपन्थी इसाईहरू आत्तिए । यी पाँच हजार मानिस कहाँबाट आएर यति सुखी जीवन बाँचिरहेका छन् । किन हामीहरू पनि यस्तै सुखी जीवन न जिउने भनेर अमेरिकाका इन्टेलिजेन्ट मानिसहरू त्यो सुखी जीवन जिउन उत्सुक भए । यस्तै गरेर मिडियाकर्मी पनि उत्सुक भए । ओशोको प्रवचन दिनहुँ हुन्थ्यो । दिनहुँ उनको अन्तर्वार्ता हुन्थ्यो । दिनहुँ जसो इन्टरनेशनल कन्फ्रेन्स हुन्थ्यो । सबैजसो अखबार, मैगजिन तथा टिभीमा ओशो छाएका थिए । ओशोको कम्युनको आनन्दित जीवनशैली देखेर जनमानस अत्यन्त प्रभावित भएको थियो । यस्तो सुन्दर व्यवस्था त हाम्रो सरकारले पनि गर्न सक्दैन भनेर अमेरिकी सरकार आत्तिएको थियो । त्यही भएर अमेरिकी सरकारले ओशोको कम्युनलाई नष्ट गर्ने अठोट गऱ्यो । ओशोको कम्युनको अत्यधिक सफलता नै अमेरिकी सरकारको भयङ्कर ईर्ष्याको कारण बन्यो ।

तर जे भएपनि निश्चितरूपमा भविष्यमा कम्युन नै सुन्दर विकल्प हुनेछ । किनभने अहिलेको वैज्ञानिक युगमा कबिला तथा संयुक्त परिवारको अवधारणा त्यति व्यावहारिक देखिँदैन । अब कोही पनि त्यो ढङ्गले जीवन बाँच्न चाहँदैन । एकल परिवार पनि अब कतिन्जेल चल्छ, केही भन्न सक्ने स्थिति छैन । यस कटु सत्य हेर्न हामी हाम्रो आँखालाई कति दिन रोक्न सकौंला ? एक न एक दिन यस्तो दिन देख्नै पर्नेछ । कम्युन नै एकमात्र विकल्प हो, जुन भविष्यमा सम्पूर्ण संसारमा आउने छ । ओशोको यो अवधारणा आज नभए पनि अबको ५० देखि एक सय वर्षपछि संसारभरि फैलिनेछ । ओशोको यो अवधारणा धेरै सुन्दर सपना हो, एउटा सुनौलो सपना हो, जसमा सबै मानिस प्रसन्नतापूर्वक रहन सक्छन्, स्वतन्त्रपूर्वक रहन सक्छन् र प्रेमपूर्णरूपले रहन सक्छन् ।

कम्युनमा बालबच्चाहरूको रेखदेख कसरी होला ? भन्ने प्रश्न उठ्न सक्छ । यसको जवाफमा ओशोको अमेरिकाको ओरेगन प्रान्तमा रहेको रजनिशपुरम नामक शहरमा स्थापित कम्युनमा कसरी बालबच्चाको स्याहारसुसार गरिन्थ्यो ? भन्ने हेरौं । त्यहाँ बालबच्चाको रेखदेख गर्नको लागि एउटा विशेष विभाग थियो । केही अनुभवी मानिस त्यहाँ काम गर्ने गर्थे । त्यहाँ करीब दुई सय बच्चा थिए ।

क्रमशः

## लोपोन्मुख ...

छ । चैत महीनामा राम जन्मजयन्ती मनाइने भएकोले चैतावरको विरह गीतसँगै सीताराम, राधाकृष्ण र शिवपार्वतीको वर्णनसमेत सुन्न पाइन्छ । जस्तै "शिवबाबा गइलें उत्तरी बनिजिया, लेअइले भँगिया धतुर्वा हो रामा" निकै चर्चित चैतावर गीत हो । लोकगीतहरू प्रायःजसो पुस्तान्तरण हुँदै आइरहेकाले गीत कसले र कहिले सृजना गरेका हुन् भन्ने कुरा ठम्याउन मुश्किल छ । यद्यपि सरोकारवाला निकायहरूले यसको सोधीखोजी गरी लुप्त कृतिहरूको संरक्षण गर्न दायित्वबोध हुनु जरुरी छ ।

चैतावर गीतमा अचम्मको लय पाइन्छ । यो पढ्नुभन्दा पनि गायकहरूको स्वर र वाद्ययन्त्रको तालमा सुन्दा असाध्यै कर्णप्रिय



आमोद गुप्ता

लाग्छ । हारमुनियमको सुर र ढोलकको तालमा चैतावर गीतको तरङ्ग कान हुँदै मुटुभित्र प्रवेश गर्न बेर लाग्दैन । यस्तो गीतले असीम आनन्द प्रदान गर्छ । यसको संरक्षण र संवर्द्धनतर्फ स्थानीय तहले दायित्वबोध गर्नुका साथै सामाजिक सक्रियता अपरिहार्य छ । अर्को कुरा पालिकाले बेलाबेला लोकगायकहरूको जमघट गराउनुका साथै गायन, वादन कार्यक्रमको आयोजना गर्नुपर्छ ।

# मनोवैज्ञानिक उपचारको एकत्रित विवरण–२

स्वास्थ्य चर्चा



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**फेमिली र मैरिटल साइकोथेरापी अर्थात् पारिवारिक र वैवाहिक मनोचिकित्सा :**

यसको मतलब हुन्छ रोगी मात्र होइन, परिवारसमेतलाई मनोपरामर्श दिनु । यदि कसैलाई मानसिक डिजार्डर छ भने उसको परिवारको सदस्यलाई रोगको प्रकृति बताइ तदनुरूप व्यवहार गर्न भनिन्छ । मैरिटल थेरापीलाई कपलथेरापी पनि भनिन्छ । यसमा मानसिक डिजार्डरले हुने पारिवारिक कलह ठीक पार्ने सुझावहरू हुन्छन् । सामान्य दम्पतीमा पनि तनाव कम गर्न यो उपयुक्त हुन्छ । सेक्सुअल डेभिएशन छ र दम्पतीले आवश्यक निर्देशन पालना गर्छ भने निकै फाइदा हुन्छ । यसका विधि हुन् : समस्या समाधानका तरीका सिकाउने, दम्पतीले परस्पर वार्तालाप गर्ने र केही प्रशिक्षण आदि दिने ।

**ग्रुप थेरापी अथवा समूह चिकित्सा :**

यसमा एकनासे समस्या भएका व्यक्तिहरूलाई समूहमा राखी चिकित्सा गरिन्छ, जुन उपयोगी त हुन्छ नै, समय पनि कम लाग्छ । एउटा कक्षामा ३० जना विद्यार्थीलाई पढाइन्छ । एउटा–एउटालाई पढाइयो भने कति समय लाग्छ होला ? तर कक्षामा केवल ४५ मिनटको पढाइले ३० जनालाई पुग्छ । यदि १० जना मानसिक रोगीको छुट्टाछुट्टै उपचार गरियो भने कति समय लाग्छ ? यसैले ग्रुप थेरापीको सिद्धान्त आयो । यसमा एउटै किसिमका आठ–दश जना रोगीलाई बसाएर चिकित्सकले कुरा गर्छ र सबैलाई परस्पर वार्तालाप गर्न लगाइन्छ । यसमा एउटा अर्को फाइदा यो छ कि रोगीलाई लाग्छ कि ऊ एक्लै छैन, अरू पनि छन् र उसको मनमा सन्तोषको भावना पैदा हुन्छ । यसको प्रयोग सेक्सुअल डिजार्डर लगायत थुप्रै डिजार्डरमा गरिन्छ । यसको आविष्कार सर्वप्रथम जोसेफ प्रेटले १९०५ मा टिबीको उपचारमा गरेका थिए ।

**सजेशन अथवा सरसल्लाह :**

सल्लाह दिनु असलमा सपोर्टिभ साइकोथेरापीको आन्तरिक भाग हो तर यसलाई एक्लै पनि प्रयोग गरिन्छ । प्रायः हरेक चिकित्सकले यही गर्छ । औषधिका साथै उचित सलाह दिइन्छ, जुन निकै महत्त्वपूर्ण हुन्छ । सहानुभूतिपूर्ण सल्लाहको असर ३३ प्रतिशत आकलन गरिएको छ, जुन प्लेसिबोको प्रभाव बराबर हो । प्लेसिबो चिनी मिसाइएको एउटा चक्की हो । यसमा कुनै पनि औषधि हुँदैन तर पनि रोग निवारणमा त्यसको ३३ प्रतिशत भूमिका हुन्छ ।

**हिप्नोसिस वा सम्मोहन :**

हाम्रो देशमा सबैलाई थाहा छ कि वशीकरण आदि मन्त्रले कसैलाई आफ्नो वशमा पारी इच्छित काम सम्पन्न गराउन सकिन्छ । गाउँ–देहातको मानिसबाट पनि यस सम्बन्धमा विभिन्न कथा–कहानी सुन्न पाइन्छ । तर पश्चिममा सम्मोहनको सफल प्रयोग सन् १७७५ मा एन्टोन मिसमरले गरे, जसको नामबाट नै मिस्मरिज्मजस्तो शब्द बन्यो । मिस्मरले, तर यसको नाम एनिमल मैग्नेटिज्म राखेका थिए, जसलाई अतिन्द्रिय आकर्षण पनि भन्न सकिन्छ । हिप्नोसिस शब्दको प्रयोग सर्वप्रथम जेम्स ब्रेडले १९औं शताब्दीमा गरे । यसमा मान्छेलाई आफ्नो वशमा पारी इच्छित आदेश मान्न लगाइन्छ र मानसिक रोग निको पार्न पनि यसको प्रयोग गरिन्छ । यसमा मानिस संसारबाट पूर्णतः अनभिज्ञ हुन पुग्छ, जसका कारण चिकित्सकले उसको रोगको कारण पत्ता लगाइ सोही अनुसार उपचार गर्छ । तर सबै मानिसलाई सम्मोहित गर्न सकिँदैन । जसलाई यसमा विश्वास छ, उसलाई मात्र सम्मोहन गर्न सकिन्छ । मान्छे सम्मोहित भयो वा भएन त्यसको जाँच यो हो कि त्यस बेला मान्छेका आँखा घुम्न थाल्छ अर्थात् नाच्न थाल्छ । त्यस बेला मात्र मान्छेले तपाईंको आदेश मान्छ अन्यथा मान्दैन । जनसङ्ख्याको केवल ६० प्रतिशतलाई मात्र सम्मोहित गर्न सकिन्छ । त्यसमा पनि केवल पाँचदेखि १० प्रतिशत मात्र त्यस गहिराइसम्म पुग्छ, जहाँ उपचार गर्न सकिन्छ । सम्मोहन गर्नको लागि



विभिन्न विधि प्रयोग गरिन्छ, जसमा उपचारको लागि निम्नलिखित कुरा पाउनु जरुरी हुन्छ : सम्मोहित भएपछि मान्छे जे पनि आदेश मान्छ । यदि कमान्डरले हत्या गर भन्यो भने उसले हत्या पनि गर्छ । त्यस्तो मान्छे शरीर र भावनाबाट पूरै विच्छेद हुन्छ । पछि उसले गरेको काम उसको स्मरणबाट पूर्णतः मेटिन्छ । सम्मोहनपछि मानिसलाई केही सल्लाह दिइन्छ, जुन उसले मान्छ । जसलाई वशीभूत पारिन्छ पछि त्यो मानिस कुनै पनि मानिसभन्दा भिन्न हुन्न । सम्मोहन मनोविज्ञान निम्न अवस्थामा प्रयोग हुन्छ– मनोचिकित्साको सहायतार्थ, पूर्वदमित इच्छा वा भावनालाई बाहिर ल्याएर वा पत्ता लगाएर त्यसको असर कम गर्नमा । सम्मोहनले सहयोग पुऱ्याउने सूची लामो छ तर मुख्य हो– एनोरेक्सिया नर्भोसा, नर्भोसा बुलेमिया, हैबिट डिजार्डर जस्तै धूमपान आदि, दुःखाइ र एंग्जाइटी डिजार्डर आदि ।

**एब्रिएक्शन वा दमित इच्छाबाट उन्मुक्ति :**

एब्रिएक्शन एउटा महत्त्वपूर्ण विधि हो, जसमा पूर्वदमित इच्छालाई बाहिर ल्याइन्छ र त्यही रोगको उपचार पनि हो । यद्यपि यो साइकोथेरापी र हिप्नोसिसको एउटा भाग हो तर यसको छुट्टै पनि प्रयोग गरिन्छ । यो औषधि र औषधिविना पनि गरिन्छ । औषधिको प्रयोग गर्नेगरी यसमा पहिले एम्फेटामिन, इथर, नाइट्स आक्साइड र एलएसडीको प्रयोग गरिन्थ्यो । त्यसमा पनि एम्फेटामिन बहुत उपयोगी थियो किनभने यसमा मान्छे धेरै कुरा गर्छ र अवचेतन विचारलाई चेतनमा ल्याउन सजिलो हुन्छ । तर आजभोलि यी औषधिको प्रयोग गरिँदैन किनभने मान्छेमा यसको बानी बस्छ र साइड इफेक्ट पनि बढी हुन्छ । आजभोलि एमाइटल र पेन्टोथल सोडियम प्रयोग गरिन्छ । यी औषधिहरूले निद्रा लगाउँछन् र त्यस अवस्थामा एब्रिएक्शन हुन सक्दैन । त्यसैले नसाबाट यसरी दिइन्छ कि एक मिनेटमा एक सीसीभन्दा बढी औषधि रगतमा जान नपाओस् । त्यसपछि रोगीसँग वार्तालाप गरिन्छ । यसलाई निम्नलिखित डिजार्डरमा निर्देश गरिन्छ– हिस्टेरिया, म्युटरोगी, काटाटोनिक सिन्ड्रोम तथा डायग्नोसिसको लागि– डिप्रेशनलाई अन्यबाट छुट्याउनको लागि, हिस्टेरिया, सिजोफ्रेनिया र अन्य अर्गेनिक ब्रेन डिजार्डर । तर एब्रिएक्शन निम्नलिखितमा वर्जित छ : श्वासको रोगी, कडा खाले मिर्गौला र कलेजोको बिमारी, हाइपरटेन्सन, बार्बिचुरेटको निर्भरता तथा साइकोसिस आदि । म्युट रोगीमा खास गरेर अब डाइजिपाम र काटामिन प्रयोग गरिन्छ ।

**रिलेक्सेशन थेरापी वा विश्राम चिकित्सा :**

तनावले मांसपेशीलाई सङ्कुचित पार्छ र परिणामस्वरूप मान्छे चिन्ताले ग्रसित हुन्छ । यदि मांसपेशीलाई खुकुलो पारियो वा विश्राम दिइयो भने मांसपेशी त ठीक हुन्छ नै, स्वाभाविक छ चिन्ता पनि ठीक पार्छ । वास्तवमा रिलेक्शेसन थेरापी बिहेबियर थेरापीकै एक भाग हो । यसका विधिहरू निम्नलिखित छन् :

१. जैकब्सन प्रोग्रेसिभ मसल रिलेक्सेशन जसमा पहिले त मांसपेशीलाई अधिकतम तन्काइन्छ । फेरि पूर्वनियोजित विभिन्न मांसपेशीलाई क्रमानुसार एक/एक गरेर खुकुलो पार्दै गइन्छ । यसमा माथिल्लो मांसपेशीलाई खुकुलो पार्दै तलतिर आइन्छ । कुकुर बिरालोले गरेको सबैले हेरेको हुनुपर्छ । हामी जुन स्ट्रेचिङ व्यायाम गर्छौं, ती यसैका रूप हुन् । जेकोब्सन विधिमा क्रमानुसार ढिलो छोड्नुको महत्त्व छ ।

२.हिप्नोसिसको वर्णन त भइ नै सक्यो ।

३. शवासन :

शवजस्तो अवस्था बनाउनु हो । जेकोब्सनभन्दा यसमा फरक यो छ कि जेकोब्सनमा मांसपेशी माथिबाट तल गरी खुकुलो पारिन्छ, जबकि यसमा तलबाट माथि गइन्छ ।

४. ट्रान्सडेन्टल मेडिटेशन वा भावातीत ध्यान र योग : यो एक निश्चल ध्यानको मुद्दा हो, जसले ब्रेनको केमेस्ट्रीलाई स्वस्थतातिर मोड्छ ।

योग पनि शरीरलाई लचकदार बनाउने र स्वस्थता प्रदान गर्ने विधि हो र हालै राष्ट्रसङ्घले पनि २१ जूनलाई योग दिवसको रूप दिएको छ । हरेक योगासनको अन्तमा शवासन अवश्य गरिन्छ तर शवासनको प्रयोग छुट्टै पनि गर्न सकिन्छ ।

५. योगनिद्रा, प्राणायाम र विपश्यनाः विपश्यना भगवान् बुद्ध र प्राणायाम आदि पतञ्जलिले आविष्कार गरेको अद्भुत पूर्वीय विधि हो, जसले मानसिक बिमारी ठीक पार्ने त कुरै छाडौं मानिसलाई सुपरह्युमन बनाउन पनि सक्षम छ ।

६. बायोफिडबैक : इलेक्ट्रोनिक उपकरणबाट थाहा नहुने अवस्था थाहा पाई तदनुसार प्रक्रियामा जानुलाई बायोफिडबैक भनिन्छ । आक्सिमिटरले अक्सिजनको स्तर बताउँछ । आक्सिजन कम छ भने लामोलामो सास लिन भनिन्छ । यही बायोफिड हो । थर्मामिटरले ज्वरो बताएपछि पानीको पट्टि दिनु बायोफिड हो । त्यस्तै, पल्समिटरले पल्स बताएपछि वा रगतमा सुगरको मात्रा बताएपछि तदनुसार गरिन्छ । यी सबै बायोफिडबैकका उदाहरण हुन् । यस्तै अनेक छन् । यो जमाना नै बायोफिडबैकको हो । एउटै स्मार्टफोनमा सजिलोको लागि यी सबै फिट गरिएका हुन्छन् ।

**रिहेबिलिटेसन वा पुनर्स्थापना :**

यसको मतलब धेरै बढिसकेको मानसिक रोगीलाई पूर्वअवस्थामा ल्याउनु हो । तर कसरी ल्याउने ? यसका लागि रोगीलाई धेरै बढी हेरचाह चाहिन्छ, जुन घरमा हुन सक्दैन । यसका लागि खासखास किसिमका आश्रयस्थल बनेका हुन्छन्, जसमा रोगीलाई राखेर उपचार र प्रशिक्षण दिने गरिन्छ अथवा घरमा राखे पनि केही समयको लागि आश्रयस्थल जानुपर्छ अथवा घरमा राखे पनि पूर्णतः निरीक्षणमा राख्नुपर्छ । यस अतिरिक्त नोकरी पायक पर्ने काम दिनु पनि रिहेबिलिटेशनको भाग हो । घरमा राखेर प्रशिक्षण दिंदा दोहोरो फाइदा हुन्छ । त्यो के भने कामको व्यस्तताले रोग ठीक हुन मदत गर्छ र घरको सहानुभूति पनि प्राप्त हुनुको साथै घर बसी केही अर्थोपार्जन पनि हुन्छ ।

**हाम्रो परिप्रेक्ष्य :** जुन बेला पश्चिमा फ्रायड साइकोएनालिसिसको प्रयोग गर्दै थिए, लगभग त्यही समय कलकत्तामा गिरिन्द्रशेखर बोसले आफ्नै किसिमको विकास गरेका थिए । भारतमा त्यसको विस्तारित प्रयोग भएन । भनिन्छ कि हामीकहाँ वैज्ञानिक दिमाग भएका मानिस हुँदैनन् र आत्मविश्लेषणको उनमा कमी हुन्छ । उनीहरू मौखिक विचार मान्दैनन्, शारीरिक लक्षणलाई बढी मान्छन् । हामीले मनोचिकित्सकसँग प्रगाढ सम्बन्ध राख्न चाहँदैनौं किनभने हाम्रा देशवासी चिकित्सकको स्तर आफूभन्दा माथि भएको ठान्छन् । यहाँ रोगी भाग्यवादी हुन्छ र बिमारीलाई पूर्वजन्मको फल मान्छ । यसको अतिरिक्त हामी कुनै जादुई करिश्माको अपेक्षा राख्छौं । स्वयम् चिकित्सकले नै सबैथोक गरिदेओस् भन्ने चाहना हुन्छ । धेरै मनोचिकित्सक यो मान्छन् कि पश्चिमा विधि यहाँ सोझै प्रयोग गर्न सकिँदैन । यहाँ उपचार सानो सोझो र आपत् टार्ने हिसाबको हुन्छ । चिकित्सकले नै सक्रिय भूमिका खेलोस् भन्ने अपेक्षा हुन्छ । तर पनि आजकाल पढेलेखेका रोगीमा पश्चिमा विधि पनि ज्यूका त्यूँ प्रयोग गर्ने बानी परिरहेको छ । यहाँ मुख्यतः सपोर्टिभ साइकोथेरापी नै प्रयोग गरिन्छ । अस्तु !

# रूपरङ्ग ठूलो कि गुण–बुद्धि

एकजना राजा निकै सुन्दर थिए र उनलाई आफ्नो रङ्गरूपको निकै घमण्ड थियो । उनी आफ्नो सुन्दरताको प्रशंसा सुन्न मन पराउँथे । राजाको महामन्त्री निकै बुद्धिमान् थिए तर उनी कुरूप थिए । महामन्त्रीको अनुहार चाउरिएको थियो भने रङ्ग कालो थियो । एक दिन राजाले महामन्त्रीलाई भने– तिमी निकै बुद्धिमान् छौ तर सुन्दर भएको भए निकै राम्रो हुन्थ्यो ।

राजाको कुरा सुनेर महामन्त्रीले भने– महाराज रूपरङ्ग त उमेरसँगै नष्ट हुन्छ तर मान्छेको राम्रो कर्म, गुण र बुद्धि सदैव साथ रहन्छ ।

राजाले भने– यो कुरालाई तिमी कसरी स्पष्ट गर्न सक्छौ ?

महामन्त्रीले पानीले भरिएका दुईवटा गिलास राख्दै भने– महाराज एउटा गिलासमा कालो माटोको घैंटाको पानी छ भने अर्को गिलासमा सुनको घैंटाको पानी छ । अब भन्नुस् यी दुवै गिलासको पानीमध्ये कुन पानी पिउँदा स्वादिष्ट लाग्छ ?

राजाले कुरा बुझे कि माटोको घैंटाको पानी शीतल र स्वादिष्ट हुन्छ र यसबाट तृप्ति पनि पाइन्छ ।

नजीकै बसेकी रानीले मुस्कुराउँदै भनिन्– राजा तपाईंको प्रश्नको जवाफ महामन्त्रीले दिइसके । सुन्दर सुनको घडा के काम जसको पानी न त शीतल हुन्छ, न स्वादिष्ट र तृप्ति नै दिन्छ । अब तपाईं नै भन्नुस् रूपरङ्ग ठूलो कि गुण–बुद्धि ।

राजाले रानीको कुरा बुझे र त्यसपछि आफ्नो सुन्दरताको घमण्ड गर्न छाडिदिए ।

# अन्तर्राष्ट्रिय समाचार

## इजरायली आक्रमणमा ३६ सिरियाली सैनिकको मृत्यु

बेरुत, १६ चैत/एएफपी

सिरियाको एलेप्पो प्रान्तमा इजरायलले शुक्रवार बिहान गरेको हवाई आक्रमणमा कम्तीमा ३६ जना सिरियाली सैनिकको मृत्यु भएको छ। सिरियाली युद्धको अनुगमन गरिरहेको एक संस्थाले हेज्बुल्लाह विद्रोहीले हतियार राखेको आशङ्कामा इजरायलले उक्त आक्रमण गरेको जनाएको छ।




बेलायतमा कार्यालय रहेको सिरियाली अब्जरभेटरीले लेबनानमा सक्रिय हेज्बुल्लाह समूहको क्षेप्यास्त्र भण्डारणमा इजरायलले हवाई आक्रमण गरेको जनाएको छ। आक्रमणमा अरू दर्जनौं व्यक्ति घाइते भएका छन्।

इजरायली विमानले एलेप्पोको अन्तर्राष्ट्रिय विमानस्थलनजीक आक्रमण गरेका थिए।

सिरियाली सरकारी समाचार एजेन्सी सानाका अनुसार शुक्रवार बिहानै गरिएको उक्त आक्रमणबाट सिरियाली सैनिकसहित धेरै सर्वसाधारणको मृत्यु भएको छ।

सिरियाली सैनिक स्रोतलाई उद्धृत गर्दै सानाले इजरायली लडाकू विमानले एलेप्पोको दक्षिणपूर्वी अथरियाबाट आक्रमण गरेको जनाएको छ।

इजरायली सेनाले भने उक्त आक्रमणका बारेमा केही बताउन अस्वीकार गरेको छ।

सन् २०११ मा सिरियामा गृहयुद्ध शुरू भएयता सैयौंपटक सिरियाली भूभागमा हवाई आक्रमण गरिसकेको छ। इजरायलले लेबनानमा सक्रिय हेज्बुल्लाह समूहलाई हतियार आपूर्ति हुन नदिन यस्तो आक्रमण गरिआएको बताउँदै आएको छ।

गत अक्टोबर ७ मा गाजा क्षेत्रमा हमासविरुद्धको युद्ध प्रारम्भ भएसँगै इजरायलले सिरियाली भूभागमा पनि आक्रमणको सङ्ख्या बढाएको छ।

गाजा युद्ध आरम्भ भएयता हमास समूहसँग निकट सम्बन्ध रहेको हेज्बुल्लाहविरुद्ध दैनिकजसो इजरायलले आक्रामक कारबाई गरिरहेको छ।

पछिल्ला छ महीनामा इजरायली आक्रमणबाट लेबनानमा कम्तीमा ३४६ जनाको मृत्यु भइसकेको छ। जसमा अधिकांश हेज्बुल्लाहका लडाकूहरू रहेका छन्। स्रोतका अनुसार यी आक्रमणबाट मारिएकामध्ये कम्तीमा ६८ जना सर्वसाधारण छन्। रासस

## मौसम भोलिसम्म बदली, आइतवारदेखि सुधार हुने

काठमाडौं, १६ चैत/रासस

केही दिनयता हल्का वर्षासहित मौसममा भइरहेको बदली भोलि शनिवारसम्म जारी नै रहने र आइतवारदेखि क्रमशः सुधार हुने जल तथा मौसम विज्ञान विभागले जनाएको छ। न्यून चापीय वायुको प्रभाव आइतवारदेखि कमजोर भई मौसममा सुधार हुने महाशाखाको पूर्वानुमान छ।

महाशाखाका मौसमविद् राजु प्रधानाङ्गले स्थानीय वायुको प्रभाव, नेपालनजीकै रहेको न्यून चापीय वायुको प्रभाव, बङ्गालको खाडीबाट आएको वाफयुक्त वायु नेपालतिर आएका कारण विशेषगरी मुलुकको पूर्वी क्षेत्रमा प्रि–मनसुन सक्रिय भएको बताए। "हाल देशभर आंशिकदेखि सामान्य बदली रहेको छ। बाग्मती प्रदेश र गण्डकी प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा हल्का वर्षा भइरहेको छ," उनले भने, "भोलिसम्म मौसम बदली भइरहन्छ भने आइतवारदेखि सुधार हुनेछ।"

महाशाखाका अनुसार आगामी २४ घण्टामा कोशी, बाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागका केही स्थानमा मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

देशका उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना भएकाले त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

## पोखरियामा रकम लुटियो

दिनेश कुमार मिश्र, वीरगंज, १६ चैत/

पोखरिया नगरपालिका वडा नं ३ वसन्तपुरमा एक लाख ९० हजार लुटिएको छ। उक्त रकम ५५ वर्षीय शम्भु गिरीले स्वावलम्बन वित्तीय बैंकबाट छोराको बिहे गर्न ऋण लिएका थिए। स्वावलम्बन वित्तीय बैंकले गिरीलाई लुम्बिनी विकास बैंकको चेक दिएर पठाएको थियो।

पोखरियास्थित लुम्बिनी विकास बैंकबाट रकम निकालेर धोबिनी गाउँपालिका–३ हरिहरपुर घर जान लाग्दा पोखरिया वडा नं ३ वसन्तपुर पुलनिर समूहमा रहेका तीनजनाले रकम लुटेरे भागेको पीडित गिरीले बताए।



## दक्षिण अफ्रिकामा बस दुर्घटना, ४५ जनाको मृत्यु

जोहानेसबर्ग, १६ चैत/सिन्ह्वा

दक्षिण अफ्रिकाको उत्तरपूर्वी लिम्पोपो प्रान्तमा बिहीवार भएको बस दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या ४५ पुगेको छ।

यातायात विभागका अनुसार बोत्सवानाबाट लिम्पोपो प्रान्तको मोरिया शहरतर्फ गइरहेको यात्रीवाहक बस दुर्घटना भएको थियो। एक यात्रीको भने गम्भीर घाइते अवस्थामा उद्धार गरिएको अधिकारीहरूले बताएका छन्। दक्षिण अफ्रिकाका यातायातमन्त्री सिनडिसिवे सिकुन्गाले मोरिया शहरनजीक भएको यस दुःखद घटनामा ज्यान गुमाउनेप्रति श्रद्धासुमन व्यक्त गर्दै सवारी चलाउँदा अत्यन्त सावधानी अपनाउन आग्रह गरे।

उद्धार कार्यका बारेमा प्रहरीले नियमित अद्यावधि विवरण सार्वजनिक गरिरहेको जनाएको छ। दुर्घटनाका बारेमा यथार्थ विवरण भने सार्वजनिक भइसकेको छैन।

दुर्घटनामा ज्यान गुमाउनेहरू अधिकांश इसाई समुदायको ईस्टर पर्वका अवसरमा सहभागीहरू रहेका प्रहरीको भनाइ छ। उक्त बस अनियन्त्रित भई पुलबाट झन्डै ५० मिटर तल नदीमा खसेर आगो लागेको थियो। रासस

## ईरिक्शाको ठक्करबाट साइकलयात्रीको मृत्यु, चालक फरार

प्रस, परवानीपुर, १६ चैत/

बारा, परवानीपुर गाउँपालिका–४ चैनपुरस्थित ईरिक्शाको ठक्करबाट एकजना साइकलयात्रीको मृत्यु भएको छ।



वयोधा अस्पताल र बायाँ इन्सेटमा मृतक राम र दायाँ इन्सेटमा डा जोशी। तस्वीरः प्रतीक

बिहीवार साँझ पौने ७ बजे पर्साको सखुवाप्रसौनी गापा–५ बलुवा घर भई हाल वीरगंज–१८ सुखचैनामा डेरा गरी बस्ने ३२ वर्षीय सोनालाल रामको ईरिक्शाको ठक्करबाट घाइते भएको र उपचारको क्रममा मृत्यु भएको हो। शुक्रवार पौने २ बजे उपचारको क्रममा नेपाल मेडिसिटी वयोधा अस्पतालमा उनको निधन भएको अस्पतालका चिकित्सक न्युरोलोजिस्ट डा सुमित जोशीले जानकारी गराए।

दुर्घटनामा गम्भीर घाइते भएका रामको भेन्टिलेटरमा उपचारको क्रममा मृत्यु भएको डा जोशीले बताए। डकर्मीको काम गर्ने राम साइकल मरम्मत गराएर चैनपुरचोकबाट सुखचैना फर्किन लाग्दा वीरगंज–पथलैया सडकखण्डको प्रदीप पोलिथिननजीक बाटो पार गरिरहेका थिए। सोही क्रममा मधेस प्रदेश ०३–००१ ह १८१९ नम्बरको परवानीपुरतर्फ गइरहेको ईरिक्शाले साइकलयात्रीलाई ठक्कर दिएको थियो। त्यसपछि वीरगंज–२१ ताजपुर बस्ने ईरिक्शाचालक कृष्णकुमार महतोले आफ्नै ईरिक्शामा रामलाई राखेर वयोधा अस्पताल पुऱ्याएर फरार भएका थिए।सो घटनामा अस्थायी प्रहरी पोस्ट गण्डकका सुरक्षाकर्मीहरूले चालकलाई भगाएको आरोपसमेत लागेको छ। रामको मृत्यु भएपछि चालकको तर्फबाट कोही पनि व्यक्ति मृतकको परिवारलाई क्षतिपूर्ति दिन र हालखबर नबुझ्न आएको भन्दै पीडित पक्षले शव बुझ्न मानेका छैनन्। जबसम्म क्षतिपूर्तिको निचोड निस्किंदैन, तबसम्म शव नबुझ्ने सुखचैनाका दलित अगुवा प्रह्लाद रामले बताए।

फरार चालकलाई नियन्त्रणमा लिने र क्षतिपूर्तिको लागि पर्सा र बाराका प्रहरी युनिटले आवश्यक कारबाई अगाडि बढाएको छ। वप्रका श्रीपुरले घटनास्थल बारा भएकोले इप्रका नौतन, गण्डकको जिम्मामा ईरिक्शा बुझाएको र त्यहाँको प्रहरीले चालकको घरपरिवारका सदस्यलाई नियन्त्रणमा लिएर पीडितलाई न्याय दिन लागिपरेको बताए।

## दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति जुमालाई चुनाव लड्न प्रतिबन्ध

केप टाउन, १६ चैत/एएनआई

दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति ज्याकोब जुमालाई आगामी मे महीनामा हुने राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार हुनबाट रोक लगाइएको निर्वाचन आयोगले जनाएको छ।

दक्षिण अफ्रिकामा आगामी मे २९ अर्थात् २०८१ जेठ १६ गते राष्ट्रपतिको निर्वाचन हुँदैछ। सन् १९९४ यता पहिलोपटक राष्ट्रपति निर्वाचन सर्वाधिक प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको अल जजीराले जनाएको छ।

दक्षिण अफ्रिकाको सबैभन्दा ठूलो दल अफ्रिकन नेशनल कङ्ग्रेस (एएनसी) परित्याग गरेका पूर्वराष्ट्रपति जुमाले हालै मात्र नयाँ दल एमखोन्टो विसिज्वे (एमके) पार्टी खोलेका छन्। सन् २०२१ मा अदालतको अवहेलनाको आरोपमा केही समय जेलसजाय भोगेका जुमाले नयाँ दल खोलेर आफ्नो राजनीतिक यात्रा पुनः प्रारम्भ गर्न चाहेका छन्।

दक्षिण अफ्रिकी निर्वाचन आयोगका अध्यक्ष मोसोथो मोप्याले पूर्वराष्ट्रपति जुमालाई निर्वाचनमा भाग लिन नपाउने गरी निर्णय भएको पुष्टि गरे। उनीविरुद्ध एउटा उजूरी परेको थियो, जसलाई आयोगले स्वीकार गरेको छ, अध्यक्ष मोप्याले भने।

सन् १९९४ मा सत्तामा आएयता एएनसीले पहिलोपटक ५० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने अनुमान गरिएको छ। दक्षिण अफ्रिकामा राष्ट्रपति निर्वाचित हुन कम्तीमा ५० प्रतिशत मत ल्याउनुपर्छ। मुलुकको कमजोर आर्थिक अवस्था तथा अत्यधिक भ्रष्टाचारको आरोप खेपिरहेको एएनसीलाई जनमत हासिल गर्न निकै धौधौ परेको बताइन्छ।

कुनै समय नेल्सन मण्डेलाले नेतृत्व गरेको एएनसीले यदि ५० प्रतिशतभन्दा कम मत प्राप्त गरेको अवस्थामा पार्टीले अन्य दलसँग गठबन्धन गर्नुपर्ने हुन्छ।

भ्रष्टाचारको आरोप लागेपछि जुमाको राष्ट्रपतीय कार्यकाल सन् २०१८ मा समाप्त भएको थियो। त्यस बखत जुमालाई हटाएर सिरिल रामाफोसा राष्ट्रपति बनेका थिए।

जुमालाई सन् २०२१ मा एक भ्रष्टाचार मुद्दामा अदालतमा उपस्थित हुन भनिए पनि उनी अनुपस्थित भएपछि १५ महीनाको जेलसजाय सुनाइएको थियो। उनलाई जेलसजाय भएपछि उनका समर्थकले देशव्यापी प्रदर्शन, हिंसा र लुटपाट मच्चाएका थिए। उक्त हिंसात्मक घटनामा ३५० जनाभन्दा बढीको मृत्यु भएको थियो।

जुमालाई दुई महीनापछि औषधि उपचारका लागि भन्दै जेलमुक्त गरिएको थियो। तर माथिल्लो अदालतले जुमालाई जेलमुक्त गर्ने निर्णय सही नभएको भन्दै पुनः जेलमैं राख्नुपर्ने सजाय सुनाएको थियो।

अहिले भने निर्वाचन आयोगले संविधानमा भएको एक प्रावधानका आधारमा जुमालाई राष्ट्रपतिमा उम्मेदवार हुनबाट रोकेको छ। आयोगका अनुसार दक्षिण अफ्रिकाको संविधानमा कुनै पनि व्यक्तिलाई १२ महीनाभन्दा बढी समय जेलमा रहेको भए त्यस्तो व्यक्तिलाई राष्ट्रपति पदमा उठ्न नपाउने संवैधानिक व्यवस्था छ।

पूर्वराष्ट्रपति जुमामाथि उनी सन् १९९० को दशकमा उपराष्ट्रपति हुँदा भएको एक हतियार खरीद सम्झौतामा भ्रष्टाचार गरेको आरोपसमेत अदालतमा विचाराधीन छ। रासस

### रानीघाट–पोखरिया बस समिति

- भिस्वा– बिहान ७:४० बजे
- भिस्वा– बिहान १०:०० बजे
- भिस्वा– मध्याह्न १२:०० बजे
- भिस्वा– दिउँसो १:३० बजे
- दसौता– दिउँसो २:३० बजे
- सेढवा– दिउँसो ३ बजे
- देउरिया– दिउँसो ३:१५ बजे
- भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – व्यापारवृद्धि |
| मिथुन – शत्रुभय | कर्कट – चोरभय |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – कान्तिक्षय | वृश्चिक – सुयश |
| धनु – खर्चवृद्धि | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



वीरगंज महानगरपालिकाले भूमिगत नाला सफा गर्दै। मझौला शहर एकीकृत वातावरणीय सुधार योजना र सघन शहरी विकास कार्यक्रम अन्तर्गत महानगरका विभिन्न स्थानमा भूमिगत नाला निर्माण भएको थियो। वर्षायामलाई दृष्टिगत गर्दै सक्सन मेशीनबाट भूमिगत नाला सफाइ भइरहेको महानगरका सरसफाइ प्रमुख सर्फुद्दीन मियाँले बताए। तस्वीरः प्रतीक

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# रोट्र्याक्ट क्लबद्वारा कलैया अस्पताललाई उपकरण सहयोग

प्रस, परवानीपुर, १६ चैत/

रोट्र्याक्ट क्लब अफ वीरगंज मेट्रोपोलिसले कलैया प्रादेशिक अस्पतालमा स्वास्थ्य उपकरण सहयोग गरेको छ।

बिहीवार क्लबले अस्पताललाई पूर्ण स्वचालित विभिन्न किसिमका उपकरण हस्तान्तरण गरेको क्लबकी अध्यक्ष रेषु अग्रवालले बताइन्।

एक्सिस ग्रुपको सहयोगमा कलैया अस्पतालको लागि मेड टेक डोनेशन ड्राइभ परियोजना अन्तर्गत अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा अजय गुप्तालाई अत्याधुनिक चिकित्सा उपकरणहरू सहयोग गरिएको उनले बताइन्।

कार्यक्रममा रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसका चन्दन सिंह, नन्दन चौरसिया, रोट्र्याक्ट क्लबका नकुल गुप्तालगायतको सहभागिता थियो।


तस्वीरः सौजन्य

प्रदान गरिएकाअत्याधुनिक उपकरणले अस्पतालको क्षमता वृद्धि गर्ने र बिरामी स्वास्थ्योपचारका सहयोग गर्ने क्लबका दीपु वर्णवालले बताए।

# मोटरसाइकल चालक र यात्रीलाई हेलमेट वितरण

प्रस, परवानीपुर, १६ चैत/

शुभश्री जगदम्बा सिमेन्ट्स प्रालिको सहयोगमा राउन्ड टेबल नेपालले वीरगंजमा हेलमेट वितरण गरेको छ।

मोटरसाइकल चालक र पछाडि बस्ने यात्रीलाई अनिवार्यरूपमा हेलमेट लगाउनुपर्ने सन्देशसहित हेलमेट वितरण गरिएको हो। वडा प्रहरी कार्यालय, बिर्ताअगाडि मोटरसाइकल चलाइरहेका चालक र पछाडि बस्ने यात्रीलाई हेलमेट वितरण गरिएको थियो।

सो क्रममा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रमुख एवं प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल, वप्रका बिर्ताका प्रहरी निरीक्षक पुष्कर बोगटी, जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख एवं प्रहरी निरीक्षक भास्कर खतिवडालगायतले


तस्वीरः सौजन्य

हेलमेट वितरण गरेको जगदम्बा सिमेन्टका प्रतिनिधि रोहित बर्णवालले जानकारी गराए। राउण्ड टेबल नेपालका अध्यक्ष अङ्कुर अग्रवालको अध्यक्षतामा भएको कार्यक्रममा एक सय थान हेलमेट वितरण गरिएको थियो।

# महिलाहरूलाई सिलाइ मेशीन हस्तान्तरण

प्रस, परवानीपुर, १६ चैत/

केएनपी जापान प्रालिले महिलाहरूलाई १२ थान सिलाइ मेशीन प्रदान गरेको छ।

केएनपी जापान प्रालिका निर्देशक अशोक बैदले पर्सा जिल्लाका बहुदरमाई नगरपालिका, वीरगंज महानगरपालिका, विन्ध्यवासिनी गाउँपालिकाका महिलाहरूलाई १२ थान सिलाइ मेशीन प्रदान गरेका थिए।

महिलाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले जनकल्याण प्रतिष्ठानलाई सिलाइ मेशीन हस्तान्तरण गरिएको हो।


तस्वीरः सौजन्य

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## उपभोक्ताप्रति सचेत बनौं

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर बिक्री वितरण गर्न,
- एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न गराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरूको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
- मिलेमतोमा महँगो मूल्य निर्धारण गर्न पाइँदैन/हुँदैन।

यस्ता कार्य दण्डनीय भएकाले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## शिक्षित ...

अल्पसङ्ख्यकमध्येका सञ्जु र ममताले प्रहरीले आफ्नो पीडित समुदायको हकमा न्याय नगरेको आरोप लगाए। उनीहरूले नाचगानमा सहभागी हुँदा पारिश्रमिक नदिने, अश्लील व्यवहार र शब्द प्रयोग गर्ने र सोविरुद्ध स्थानीय प्रहरीमा उजूरी गर्दा प्रहरीले बेवास्ता गर्ने गरेको बताइन्। ग्रामीण भेगमा यस किसिमको समस्या भोग्दै आएको र यसको निदान इलाका, वडा र जिल्लामा भने नभएको बताइन्। सबै तहका प्रहरीले आफूहरूमाथि हुने दुर्व्यवहारविरुद्ध महिला, पुरुषसरह कारबाई गर्नुपर्ने जिकिर गरे।

सहयात्री समाज पर्साका अध्यक्ष सुरज लिम्बुले पर्सा जिल्लामा घोषितरूपमा ५०० र अघोषितरूपमा पाँच हजार यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू रहेको बताए। उनले पर्सा जिल्लामा १२०० एचआइभी सङ्क्रमितमध्ये १५० यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू रहेको जानकारी गराए। चालू आवको छ महीनामा ३० जना नयाँ सङ्क्रमित फेला परेको उनले बताए।

सहभागी प्रहरीहरूले प्रहरी चौकीहरूबाट न्याय नपाउनेहरूले सोभन्दा उपल्लो तहबाट न्याय माग्न सुझाव दिए। प्रहरीले अन्याय नै गर्छ भन्ने सोच नराखी न्यायको लागि माथिल्लो तहमा पहुँच बढाउन पनि सुझाए।

# खेलकूदको संसार

## टी-२० शृङ्खलाः नेपाल 'ए' टोली आयरल्यान्डको 'ए' टोलीसँग पराजित

पकाठमाडौं, १६ चैत/ रासस

लोकेश बमले उत्कृष्ट ब्याटिङ गरे तापनि नेपाल 'ए' टोली आयरल्यान्डको 'ए' टोलीसँग २१ रनले पराजित भएको छ।


तस्वीरः सौजन्य

आयरल्यान्डले दिएको २२३ रनको चुनौती नेपाल १९ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै २०१ रनमा समेटियो। नेपालका लागि लोकेश बमले शतक प्रहार गरे। उनले ५६ बल खेल्दै नौ चौका र आठ छक्काको मदतमा सर्वाधिक १०६ रनको योगदान दिएका थिए।

त्यसैगरी, आसिफ शेखले २६ बलमा एक चौका र पाँच छक्काको सहयोगमा ४९ रन बनाए। त्यसबाहेक अन्य खेलाडीले उत्कृष्ट प्रदर्शन गर्न सकेनन्। कप्तान विनोद भण्डारीले १४ बलमा दुई चौका र एक छक्काको मदतमा १६ रन जोडे। बसिर अहमद तीन रनमा आउट भए।

बलिङतर्फ आयरल्यान्डका फिआन हयान्ड र म्याथ्यु हम्फ्रिजले समान तीन/तीन विकेट लिए भने म्याथु फोस्टरले दुई विकेट लिए। त्यस्तै, थोमस मेस र ग्याभिन होएले समान एक/एक विकेट लिए। त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टी-२० शृङ्खला अन्तर्गतको पहिलो खेलमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको आयरल्यान्ड 'ए' टोलीले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै २२२ रनको योगफल बनाएको थियो।

आयरल्यान्डका लागि पिटर मोरले ३२ बलमा चार चौका र तीन छक्काको मदतले सर्वाधिक ४९ रनको योगदान गरे। त्यस्तै, कप्तान नील रक र काडे कारमाइकलले समान ३८/३८ रन बनाए। स्टेफन डोहिनीले ३४, गारेथ डेलानीले अविजित ३० तथा गाभिन होयले अविजित १८ रन बनाए।

नेपाल 'ए' का लागि कमलसिंह ऐरीले तीन विकेट लिए भने सागर ढकाल र आरिफ शेखले समान एक विकेट लिए। शनिवार आयरल्यान्डको 'ए' टोली र नेपालको 'ए' टोलीबीच दोस्रो खेल हुनेछ।

## बाग्मती प्रदेशस्तरीय भलिबल प्रतियोगिता हुने

त्रिशूली (नुवाकोट), १६ चैत/रासस

नुवाकोटको म्यागङ गाउँपालिकाको आयोजनामा बाग्मती प्रदेशस्तरीय अन्तरपालिका पुरुष भलिबल प्रतियोगिता हुने भएको छ।

म्यागङ गाउँपालिका-५ सामरीस्थित खेलमैदानमा आगामी वैशाख ७ देखि १२ गतेसम्म प्रतियोगिता सञ्चालन गर्न लागिएको हो। बिहीवार गरिएको पत्रकार सम्मेलनमा गाउँपालिका अध्यक्ष आशा तामाङले 'भलिबल खेलाडीको पहिचान तथा प्रवर्द्धन : खेल, खेलाडी र क्षमताको संरक्षण'को मुख्य नाराका साथ खेल पर्यटन भित्र्याउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए।

प्रतियोगितामा प्रथम हुने पालिकाले रु तीन लाख तीन हजार ३३३ र दोस्रो हुनेले रु दुई लाख दुई हजार २२२ नगद पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ। आयोजकका अनुसार तेस्रो हुने पालिकाले रु ५० हजार ५५५ र चौथो हुनेले सान्त्वनास्वरूप रु २५ हजार ५२५ नगदसहित ट्रफी र मेडल प्राप्त गर्नेछन्।

प्रतियोगितामा सहभागी हुने पालिकाले तीनजनासम्म पालिकाबाहिरका खेलाडीलाई समावेश गराउन पाउने नियम आयोजकले बनाएको छ। खेलाडीको क्षमता वृद्धि गराउन र अनुभव साटासाटका लागि तीनजना देश तथा विदेशका जोकोही खेलाडीलाई समावेश गराउन पाउने नियम राखिएको प्रतियोगिताको संयोजक विजय गुरुङले बताए। प्रतियोगितामा सहभागी हुन प्रदेशका ११९ वटै पालिकालाई टोली दर्ताका लागि आह्वान गरिएको छ।

# २० किलो गाँजासहित एकजना नेपाली भारतमा पक्राउ

प्रस, सिम्रौनगढ, १६ चैत/

नेपालबाट भारत लगिरहेको २० किलो गाँजासहित एकजना नेपालीलाई भारतीय प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सिम्रौनगढ नगरपालिका-१ निवासी दिनेश मुखिया रहेका छन्। बिहीवार राति भारतको अगर्वाबाट मुखियालाई पक्राउ गरिएको बिहार पुलिसले जनाएको छ।

पक्राउ परेका मुखिया र गाँजालाई जितना थानामा राखिएको छ।


तस्वीरः सौजन्य


यो दृश्य वीरगंज भन्सार कार्यालयभित्रको हो। भन्सार सुरक्षा जाँचको जिम्मा लिएको सशस्त्र प्रहरीले शुक्रवारदेखि सबैखाले सवारीसाधन चेकजाँचमा कडाइ गरेको छ। हुन्डीको रकम र नेपाल-भारत अवैध चोरी निकासी, पैठारी नियन्त्रणका लागि सशस्त्र प्रहरीले शुक्रवारदेखि दुई, तीन र चार पाङ्ग्रे सवारीसाधन र यो क्षेत्रबाट सञ्चालित हुने टाँगासमेतको चेकजाँचमा कडाइ गरेपछि शुक्रवार भन्सारमा देखिएको सवारी जाम। तस्वीरः नितेश कर्ण